# सौर्य दैनिक

www.souryaonline.com

वर्ष ११ अंक २७९ मंगलबार, २० मंसिर २०७९ SOURYA NATIONAL DAILY Tuesday, 6 December 2022 पृष्ठ : ८ मूल्य रू. ५







दार्चुलामा देशको चिन्ता

# जागरुक जनता, निदाएको सरकार



## 'बलियो कूटनीतिक पहल जरुरी छ'

**बुद्धिनारायण श्रेष्ठ (सीमा विज्ञ)**



सीमा विवादको मुख्य कारण, दुई देशमध्ये एक देशले एकतर्फी तरिकाले गरेको कामले अर्को देशलाई आघात पुराउँदा सुरु हुन्छ । दार्चुलाको खलंगा र भारतको धार्चुलाको बीचबाट बग्ने महाकाली नदीमा भारतले आफ्नो सीमातिर ठुलो पर्खाल लगाएकाले महाकाली नदी नेपालतर्फ सरेको छ । महाकाली नदी करिब १० मिटर नेपालतर्फ सरेको छ । लगभग २० हेक्टर नेपाली भूमि मिचिएको छ । बाढी आउँदा धार्चुला बजारलाई क्षति पुऱ्याउने भएकाले भारतले आफ्नो भूभाग धार्चुलालाई बचाउन हाम्रो खलंगालाई क्षति पुऱ्याउने गरी पर्खाल लगाएको हो । सीमा

बाँकी पृष्ठ २

■ सुवास गोतामे

काठमाडौं । सरकारले भारतको सीमा विवादलाई नीतिगत रूपमा टुंग्याउन नसक्दा दार्चुलाबासी सधैँजसो त्रासमा बाँच्दै आएका छन् । सीमामा हुँदै आएको विवादका कारण भारतीय सीमा सुरक्षा बल (एसएसबी) र सीमामा बस्ने नेपालीबीच पटकपटक तनावको वातावरण सिर्जना हुने गरेको छ ।

पछिल्लोपटक नेपालको दार्चुला र भारतको धार्चुलाबीच भएर बग्ने महाकाली नदीको धार परिवर्तनको विषयलाई लिएर विवाद हुँदै आएको छ । भारतीय पक्षले एकलौटी रूपमा सीमा नदी महाकालीमा ठूलो पर्खाल लगाउँदा महाकाली नदी आफ्नो प्राकृतिक धार परिवर्तन गरी करिब १० मिटर नेपालतर्फ धकेलिएको छ ।

जसका कारण नेपालतर्फको करिब २० हेक्टर जमिन महाकालीले खण्डहर बनाइदिएको छ । महाकाली सन्धी हुँदा दुई देशबीच भएको सीमामा संरचना बनाउँदा आन्तरिक सहमति गर्नुपर्ने अनिवार्य प्रावधानलाई मिचेर भारतले एकलौटी ढंगले पर्खाल लगाएको हो । भारतले तटबन्ध बनाउन थालेपछि दार्चुला प्रशासनले गत वर्ष पुस २ गते नै भारतीय प्रशासन धार्चुला तहसिल कार्यालयलाई निर्माण कार्य रोक्न पत्राचार गरेको थियो । तर, भारतीय पक्षले त्यसको बेवास्ता गर्दै निर्माण कार्य जारी राखेको छ ।

निर्माणाधीन तटबन्धको काम रोक्न नेपाली प्रशासनले समन्वय गर्न खोज्दा एसएसबीले माथिको आदेश भन्दै अनिच्छा देखाउँदै आएको छ । परराष्ट्र मन्त्रालयले समेत भारतीय सरकारलाई कूटनीतिक नोट पठाउँदा पनि भारतले त्यसको जवाफ दिन आवश्यक ठानेन । परराष्ट्र मन्त्रालयले पठाएको कूटनीतिक नोटमा एकतर्फी रूपमा तटबन्ध निर्माण गरेर विगतका सहमति उल्लंघन भएकोबारे भारत सरकारको ध्यानाकर्षण गराइएको थियो । तर, भारतले यसबारे सामान्य जवाफ दिन पनि जरुरी ठानेको देखिएको छैन । न त नेपाल सरकारले नै पुनः त्यसप्रति गहिरो चासो देखाएको छ ।

दार्चुलामै भारतीय सुरक्षाकर्मीले अमानवीय व्यवहार प्रदर्शन गर्दै तुइनको लठ्ठा काटिदिएपछि स्थानीय जयसिंह धामीको मृत्यु भएको थियो । सोही विषयलाई लिएर गृह मन्त्रालयको सिफारिसमा परराष्ट्र मन्त्रालयले भारतलाई कूटनीतिक नोट पठाएको थियो । तर, भारतले त्यसको कुनै जवाफ दिएन । पछिल्लो समय भारतीय पक्षले महाकाली नदीको धार परिवर्तन गर्नेगरी संरचना बनाउन थालेपछि दार्चुलावासी आइतबार पुनः विरोधमा उत्रिएका छन् । पुलको उत्तरतर्फ पर्ने क्षेत्रमा तटबन्ध निर्माण गर्ने विषयमा दुवै पक्षका प्राविधिकको अध्ययनपछि मात्र काम थाल्ने मौखिक समझदारी विपरीत भारतीय पक्षले काम गरेपछि आइतबार खलंगा क्षेत्र तनावग्रस्त बनेको हो ।

तनाव बढ्दै गएपछि केहीबेर सीमा नाकासमेत बन्द गरिएको थियो । भारतीय पक्षले महाकाली नदीको पुलमाथि केहीबेर आवतजावतमा रोक लगाएको थियो । सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख मोहनकुमार आचार्यले तटबन्ध निर्माणको विषयमा

बाँकी पृष्ठ २

## यो निरीहता कहिलेसम्म ?



**रवि लामिछाने, (सभापति, राष्ट्रिय स्वतन्त्र पार्टी)**

त्यही महाकाली नदीमा तुइन तर्दातर्दै तुइन काटिन्छ । ३३ वर्षका जयसिंह धामी महाकाली नदीमा खस्छन् र हराउँछन्, सधैँका लागि । त्यही महाकालीको किनारमा जबरजस्ती सडक बनाइरहँदा गरिएको विस्फोटबाट आएको ढुंगाले लागेर बित्छन् नौ वर्षीय बालक, पवन महरा ।

त्यही महाकाली नदीको बहाव नेपालतर्फ धकेल्ने गरेर अनधिकृत पक्की संरचना बनाउन थालिन्छ । नेपालीले त्यो ज्यादतीको प्रतिरोध गर्दा उताबाट आएको ढुंगाले लागेर चार जना बालबालिका घाइते हुन्छन् ।

वर्षौंको यो निरीहताको कारण के होला ? आफ्नो सीमा जोगाउनु र आफ्ना नागरिकको अभिभावक बन्नुभन्दा अर्को महत्वपूर्ण कुरा के हुन्छ राज्यको ? आफ्नो सीमा जोगाउन, आफ्ना नागरिकलाई सुरक्षा दिन, अन्तर ाष्ट्रिय सन्धि सम्झौताका पानापाना पल्टाएर बुँदाबुँदा केलाउँदै आफ्नो हक जोगाउन किन सक्दैन सरकार ?

बाँकी पृष्ठ २

■ शीर्ष नेताहरूको बैठक

# सत्ता गठबन्धनलाई निरन्तरता दिने सहमति



■ सौर्य समाचार

काठमाडौं । सत्ता गठबन्धनमा आबद्ध दलहरूबीच अहिलेकै गठबन्धनलाई निरन्तरता दिन सहमति भएको छ । सत्ता गठबन्धनका शीर्ष नेताहरूको सोमबार प्रधानमन्त्री निवास बालुवाटारमा बसेको बैठकले अहिलेकै सत्ता गठबन्धनलाई निरन्तरता दिने सहमति गरेको हो ।

बैठकले हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको समीक्षासमेत गरेको जानकारी नेकपा एकीकृत समाजवादीका महासचिव वेदुराम भुसालले दिए । चुनावपछिको पहिलो बैठक भएकाले निर्वाचनको सामान्य समीक्षा गरिएको र आगामी दिनमा यही गठबन्धनको सरकारलाई निरन्तरता दिने निष्कर्ष निकालिएको उनले बताए । सत्ता गठबन्धनका शीर्षस्थ नेताहरूको संयुक्त बैठकले मुलुकका सामु विद्यमान चुनौतीहरूको सामना गर्नुपर्ने आवश्यकताले यो गठबन्धनलाई निरन्तरता दिन जरुरी ठानेको निर्णय गरेको छ । शीर्षस्थ नेताले संयुक्त रूपमा जारी गरेको विज्ञप्तिमा निर्वाचनको नतिजाले राजनीतिक स्थायित्व र आर्थिक समृद्धिको बाटोमा आपसी सहमति र सहकार्यका साथ मिलेर अघि बढ्नुपर्ने स्पष्ट सन्देश दिएको उल्लेख छ ।

यसैगरी बैठकले प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनले गठबन्धनको आवश्यकता र सान्दर्भिकता पुष्टि गरेको निष्कर्ष पनि निकालेको छ । बैठकमा नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चाका शीर्ष नेताहरू सहभागी थिए ।

'हालै सम्पन्न प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको नतिजाले वर्तमान गठबन्धनको आवश्यकता र सान्दर्भिकतालाई पुनः पुष्टि गरेको छ । मुलुकका सामु विद्यमान चुनौतीहरूको सामाना गर्नुपर्ने आवश्यकताले पनि यो गठबन्धनलाई निरन्तरता दिनु जरुरी छ' बैठकपछि शीर्ष

बाँकी पृष्ठ २

■ प्रतिनिधिसभाको अन्तिम नतिजा

# दोलखाबाट माओवादीका कार्की विजयी




■ सौर्य समाचार

दोलखा । प्रतिनिधिसभा सदस्य निर्वाचनको प्रत्यक्षतर्फको अन्तिम मतपरिणाम सोमबार सार्वजनिक भएको छ । प्रतिनिधिसभा सदस्यको निर्वाचन सम्पन्न भएको १६औँ दिन अन्तिम नतिजा सार्वजनिक भएको हो । प्रतिनिधिसभा र प्रदेशसभा सदस्यको निर्वाचन मंसिर ४ गते सम्पन्न भएको थियो ।

प्रतिनिधिसभाको प्रत्यक्षतर्फ एक मात्र निर्वाचन क्षेत्र रहेको दोलखाबाट नेकपा माओवादी केन्द्रका गंगा कार्की विजयी भएका हुन् । उनी सत्ता गठबन्धनका साझा उम्मेदवार हुन् । उनले आफ्ना निकटम प्रतिद्वन्द्वी नेकपा एमालेका बालकृष्ण शिवाकोटीलाई ३ सय १७ मतको झिनोअन्तरले हराएका हुन् ।

बाँकी पृष्ठ २

## क्रोएसिया क्वार्टरफाइनलमा




क्रोएसिया कतारमा जारी विश्वकप फुटबल प्रतियोगिताको क्वार्टरफाइनलमा प्रवेश गरेको छ । सोमबार राति खेलिएको खेलमा एसियाली राष्ट्र जापानलाई पेनाल्टी सुटआउटमा हराउँदै क्रोएसिया क्वार्टरफाइनलमा पुगेको हो । निर्धारित समय र थप गरिएको अतिरिक्त सयमको खेल १–१ गोलको बराबरीमा सकिएपछि खेल पेनाल्टी सुटआउटमा गएको थियो । क्रोएसिया सन् २०१८ को विश्वकपको फाइनलमा फ्रान्ससँग पराजित भएको थियो । ***(एजेन्सी)***

■ आमनिर्वाचनको सन्देश

# प्रधानमन्त्रीमा ओली अस्वीकृत

■ सौर्य समाचार

काठमाडौं । हालै सम्पन्न संसदीय निर्वाचनमा प्रधानमन्त्रीको रूपमा कसैलाई अगाडि सारेर कुनै पार्टीले मत मागेको थियो भने त्यो हो, नेकपा एमाले । एमालेले आफ्ना सर्वशक्तिमान अध्यक्ष केपी शर्मा ओलीलाई प्रधानमन्त्रीका रूपमा अगाडि सारेपछि प्रत्यक्षमा सय सिट र समानुपातिकमा ५० सिट जित्ने दाबी गरेको थियो । तर, निर्वाचन परिणामको परिणाम नितान्त फरक आयो । आममतदाताले एमालेलाई ठुलो दलका रूपमा समेत रुचाएनन् । अघिल्लो निर्वाचनमा सबैभन्दा ठूलो दल बनेको एमालेलाई जनताले दोस्रो दलको रूपमा खुम्च्याए ।



एमालेलाई मतदाताले प्रत्यक्षमा मागेभन्दा धेरै कम मात्रै होइन, भइरहेको भन्दा पनि आधा सिट दिएर प्रधानमन्त्रीको रूपमा केपी शर्मा ओलीलाई सिधै अस्वीकार गरिदिएको छ । बरु प्रत्यक्षको तुलनामा समानुपातिकमा धेरै सिट घट्न नदिएर जनताले पार्टीको छवी भने जोगाएका छन् । गत निर्वाचनमा ८० सिट प्रत्यक्षमा पाएको एमाले यसपटक ४४ सिटमा झरेको छ । अघिल्लोपटक समानुपातिकमा ४१ सिट पाएकोमा यसपटक सात सिट मात्रै घट्ने देखिएको छ । ओलीलाई प्रधानमन्त्रीका रूपमा अगाडि सारेपछि एमाले अन्य पार्टी, खासगरी सत्ता गठबन्धनलाई प्रधानमन्त्रीका उम्मेद्वार खोई ? भन्दै निर्वाचन अवधिभर अहमता प्रदर्शन गर्न व्यस्त थियो ।

तर, निर्वाचन परिणामपछि भने 'धाँधली भयो' भन्ने एकआध रुन्चे स्वरबाहेक बालकोटबाट कुनै औपचारिक प्रतिक्रिया आएको छैन । गौरवशाली इतिहास बोकेको पार्टीको रूपमा भने एमालेलाई मतदाताले रुचाएकै देखियो ।

ओलीले गिजोलेर तहसनहस पारे पनि नेपालको राजनीतिमा एमाले भन्ने पार्टी यत्तिकै चुट्कीको भरमा

### समाचार विश्लेषण

बनेको होइन, यसले लामो हण्डर ठक्कर खाएर यहाँसम्म आएको हो भन्ने हेक्का आममतदाताले राखेको देखिएको छ । बहुदल आएपछि नेपालमा कम्युनिस्टको पालुवा पलाएको बाहिर देखियो । भित्रभित्र गुम्सिएर बनेको पालुवा ०४६ सालमा बहुदल स्थापना भएपछि बाहिर पातका रूपमा हरियो भएर छायो । ००४ सालमा स्थापना भएको नेपाली कांग्रेस त्यो बेलासम्म कम्युनिस्टले बुढाबूढी मार्छन, भगवान् मान्दैनन्, निजी सम्पत्ति राख्न दिँदैनन् लगायतका अनेक नारा लगाएर विरोध गऱ्यो ।

बहुदल आएपछिको चुनावमा कुनै बेलाको फासिस्ट तानशाहका कुरा ल्याएर नेपालका कम्युनिस्टलाई दाँजो गर्ने काम कांग्रेसले त्यो बेलाको राजनीतिक बजारमा छ्याप्छ्याप्ती बेचेको थियो । त्यसबेला कम्युनिस्टहरूले अरू उदाहरण दिन कठिन थियो । तर, त्यो भ्रम चिर्ने एक पात्र थिए, सेतै दाह्री फुलेका एक वृद्ध कम्युनिस्ट, मनमोहन अधिकारी । त्यसबेला कम्युनिस्टहरूले हाम्रा नेता यस्ता बुढा छन् कसरी कम्युनिस्टले बुढाबुढी मार्छन् भन्दै खण्डन गरेका थिए । मनमोहन अधिकारी एमालेका अध्यक्ष थिए । उनको यो कार्यकालमा भएको चुनावमा उनी त्यसबेला उदाहारणका लागि देखाउने पात्र पनि थिए । अर्थात, त्योबेला मान्छेहरू मनमोहन अधिकारी र मदनभण्डारीहरू हेरेर कम्युनिस्ट बन्थे । उनीहरूको बेदाग र निःस्वार्थ भावनाको जगमा बनेको पार्टी हो, एमाले । सबै पार्टीका नेताले एमालेका नेताहरू देखाउँथे र भन्थे त्यस्तो पो हुनुपर्छ ।

तल्लो निकायमा पनि योक्रम बढ्यो र नेपालमा एउटा सम्मानित र जनआधरित पार्टी बन्यो, एमाले । जबसम्म पार्टीले लेनिनवादी संगठनको अवधारणा अबलम्बन गरेको थियो, त्यसबेलासम्म एमाले समाजमा बाटो देखाउने पार्टी थियो । संगठनका कार्यकर्ताहरू पनि आफूले केही पाउन नभई समाज र देशलाई केही दिनका लागि पार्टीमा लाग्थे । यसरी यो पार्टीप्रतिको आकर्षण बढेको हो । पछिल्लोपल्ट पार्टीको नेतृत्वमा ओली हाबी हुन थालेपछि भने विस्तारै संगठनको गुणस्तरमा गिरावट आयो । मदन भण्डारीको रहष्यमय तरिकाले दासढुंगा दुर्घटनामा निधन भएपछि नेतृत्वलाई आफू अनुकूल बटार्ने प्रयास भए ।

त्यसबेला माधव नेपालको नेतृत्वमा बामदेव गौतम, प्रदीप नेपाल, ईश्वर पोखरेल र केपी ओली मिलेर अल्पमतमा परेका सिपी मैनाली पक्षलाई पेल्ने काम भयो । जसका कारण नेतृत्वप्रतिको विश्वास पनि विस्तारै घट्दै गयो । पार्टीको पाँचौं महाधिवेशनमा मदन भण्डारीको जनताको बहुदलीय जनवाद (जबज) कार्यक्रमको विपक्षमा सीपी मैनालीले परिमार्जित नौलो जनवाद कार्यक्रम महाधिवेशनमा पेस गरेका थिए । तर, त्यो अस्वीकृत भयो । भण्डारी आफैँले भने त्यसलाई सहजरूपमा लिँदै पार्टीमा अल्पमतको उचित सम्मानका कुरा अगाडि ल्याएका थिए । उनले उचित सम्मान गर्दै सिपी पक्षका नेताहरू पनि

बाँकी पृष्ठ २

## सत्ता...

नेताहरूद्वारा जारी संयुक्त विज्ञप्तिमा भनिएको छ । संयुक्त विज्ञप्तिमा कांग्रेस सभापति शेरबहादुर देउवा, माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड', एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल र राष्ट्रिय जनमोर्चाकी उपाध्यक्ष दुर्गा पौडेलले हस्ताक्षर गरेका छन् ।

## प्रधानमन्त्रीमा...

पार्टीको पोलिटब्युरोमा लगेका थिए ।

पार्टीको आठौँ महाधिवेशनसम्म आन्तरिक लोकतन्त्र यति बलियो थियो कि, अरू पार्टीले त्यो देखेर ईर्ष्या गर्थे । झलनाथ खनाल आफैँ संस्थापन र अध्यक्ष हुँदाहुदै आयोजना गरेको सो महाधिवेशनमा उनी आफैँ झण्डै हार्न पुगेका थिए ।

तर, पार्टीको नेतृत्व ओलीको हातमा गएपछि भने आन्तरिक लोकतन्त्र मर्न थाल्यो । ओलीका आलोचकमाथि तल्ला कमिटीसम्म राता नजर लाउन थालियो । पार्टीमा हुने संस्थागत आकर्षणले ठाउँ सरेर 'व्यक्ति नै सबै हो' भन्नेमा ओली नेतृत्वले वातावरण तयार गर्‍यो ।

पार्टीमा कुनै काम गर्नु नपर्ने, ओलीको वरिपरि बसेर फिरी लगाएपछि त्याग र समर्पण त्यसैमा देखिन थाल्यो । ओलीका अगाडिपछाडि पार्टीका कार्यकर्ता होइन, बिचौलिया, ठेकेदार र दलालको ताँती लाग्न थाल्यो । तिनले एमाले पार्टी होइन, ओली महान भनेर देवत्वकरण गर्ने काम गरे ।

पार्टीको नियुक्तिलगायत निर्वाचनका लागि उम्मेद्वार छान्ने काम पार्टीमा रहेन । त्यो सरेर ओलीमा गयो । ओलीले आफ्नै घरखेत र पुर्ख्यौली सम्पतिबाट दिएझैं गरी यसपटकको निर्वाचनमा पनि एकलौटी टिकट बाँडेर त्यो उदाहरण पेस गरेका छन् ।

तर, परिणामले ओलीसहितको एमाले उत्थानको कुरा अस्वीकार गरेको छ । एमालेको संगठन अझै पनि बलियो छ भन्ने पुष्टि पनि यो चुनावले गरेको छ । तर, यसलाई उँभो लगाउन या ओली बिनाको एमाले हुनेछ या त ओलीले सिध्याएको एमाले हुनेछ ।

ओलीको नामका कारण यसपटक एमालेको बहुमत रोकिएको छ । झण्डै दुईतिहाइको जनमत जोगाउन नसकेको मात्रै होइन, दुई/दुईपटक असंवैधानिक तरिकाले संसद् विघटन गरेको बदला जनताले लिएका छन् । समानुपातिकमा मत जाहेर गरेर जनताले एमालेप्रतिभन्दा पनि ओलीप्रति बढी वितृष्णा छ भन्ने सन्देश दिएका छन् । जनताले एमालेको पक्षमा मतदान गरेका छन्, किनभने एमालेको गौरवशाली इतिहास छ । तर, अब देशमा ओली नामका प्रधामन्त्री देख्नुपर्ने छैन । यो चुनावको सन्देशले एमालेको यही तस्बिर देखाएको छ ।

## दोलखाबाट...

दोलखामा कुल ८५ हजार ३ सय ८८ सय मत खसेको थियो । त्यसमध्ये कार्कीले ३६ हजार ७ सय ९९ मत पाएका छन् । उनका प्रतिद्वन्द्वी शिवाकोटीले भने ३६ हजार ४ सय ८२ मत प्राप्त गरे । मतगणका क्रममा समानुपातिकतर्फको मतपेटिकामा प्रत्यक्षतर्फको मत भेटिए त्यो पनि गणना गर्ने सर्वदलीय बैठकमा सहमति भएको थियो । त्यसैले मतान्तरमा केही फरक पर्नसक्ने बताइएको छ ।

दोलखाको प्रदेशसभा १ मा भने यसअघि नै नेपाली कांग्रेसका उम्मेदवार कुन्दनराज काफ्ले विजयी भएका थिए । प्रदेशसभा २ मा नेकपा एमालेका भरतबहादुर केसी निर्वाचित भएका थिए । जिल्लामा कुल ९४ मतदानस्थल र १ सय ९५ मतदान केन्द्र रहेका थिए ।

जिल्लामा कुल १ लाख ६१ हजार ४ सय ५० जना मतदाता रहेका थिए । तर, ८५ हजार ३ सय ८८ मत मात्र खसेको थियो । १४ राजनीतिक दलका र सात स्वतन्त्र गरी २१ जना उम्मेद्वार चुनावी मैदानमा सहभागी भएका थिए ।

मंसिर ४ गते सम्पन्न निर्वाचनका क्रममा विवाद उत्पन्न भएपछि दोलखामा गत बिहीबार १० वटा मतदान केन्द्रमा पुनः मतदान भएको थियो । अन्य मतदान केन्द्रहरूमा भने मंसिर ४ गते नै मतदान सम्पन्न भएको थियो ।

जिल्लाको वैतेश्वर गाउँपालिका-६ स्थित वैतेश्वर माध्यमिक विद्यालय मतदान केन्द्रको क, ख र ग, वडा-२ को जनज्योति माध्यमिक विद्यालय पुतलीकाठ मतदान केन्द्रको क र ख, वडा-३ को कालिढुंगा माध्यमिक विद्यालय मतदान केन्द्र क, ख र ग तथा तामाकोसी गाउँपालिका-३ को हेल्थपोष्ट भवन जफे मतदान केन्द्र क, ख र ग मा पुनः मतदान भएको हो । ती १० केन्द्रमा भएको पुनः मतदानमा करिब ५० प्रतिशत मत खसेको थियो ।

अन्तिम सदस्यका रूपमा प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएपछि कार्कीले आगामी दिनमा आफू सबै पक्षलाई मिलाएर अगाडि बढ्ने प्रतिद्धता व्यक्त गरेका छन् । उनले चुनावको समयमा भएका तितामिठा कुरा बिर्सिएर दोलखाको विकासमा सक्रिय हुन सबैसँग आग्रह पनि गरे ।

'निर्वाचनको बेला थुप्रै तितामिठा कुरा भए होलान् । राम्रा नराम्रा कुरा पनि भए होलान् । ती सबै कुरा बिर्सिएर दोलखाको विकासमा लाग्न मलाई मत हाल्ने र नहाल्ने सबैसँग अनुरोध गर्न चाहान्छु,' उनले निर्वाचित भएपछि सञ्चारकर्मीलाई प्रतिक्रिया दिँदै भने । कार्कीको विजयसँगै प्रतिनिधिसभा सदस्यमा प्रत्यक्षतर्फ माओवादी केन्द्रले जितेको सिट संख्या १८ पुगेको छ ।

निर्वाचन आयोगको विवरणअनुसार प्रतिनिधिसभाको प्रत्यक्षतर्फको १ सय ६५ सिटमध्ये नेपाली कांग्रेस ५७ स्थानमा विजयी हुँदै पहिलो दल बनेको छ । नेकपा एमाले ४४, नेकपा माओवादी केन्द्र १८ र नेकपा एकीकृत समाजवादी १० स्थानमा विजयी भएका छन् ।

यसैगरी जनता समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टीले सात/सात सिट जितेका छन् । लोकतान्त्रिक समाजवादी पार्टीले चार र नागरिक उन्मुक्ति पार्टीले तीन स्थानमा जित हासिल गरेका छन् । राष्ट्रिय जनमोर्चा, नेपाल मजदुर किसान पार्टी र जनमत पार्टी एक/एक स्थानमा विजयी भएका छन् । प्रतिनिधिसभामा पाँच जना स्वतन्त्र उम्मेद्वार पनि विजयी भएका छन् ।

आयोगको पछिल्लो तथ्यांकअनुसार प्रतिनिधिसभामा प्रत्यक्षतर्फ १२ वटा राजनीतिक दलका उम्मेद्वार विजयी भएका छन् । प्रतिनिधिसभामा प्रत्यक्ष निर्वाचनबाट १ सय ६५ र समानुपातिक निर्वाचनबाट १ सय १० जना निर्वाचत हुने प्रावधान छ ।

### एमाले दोलखाका सचिवको राजीनामा

नेकपा एमाले दोलखाका सचिव हिराकुमार तामाङले आफ्नो पदबाट राजीनामा दिएका छन् । एमालेको बलियो पकड रहेको भनिएको दोलखाबाट प्रतिनिधिसभा सदस्य निर्वाचनमा पार्टीका उम्मेद्वार बालकृष्ण शिवाकोटी पराजित भएपछि पार्टी सचिव तामाङले राजीनामा दिएका हुन् ।

सचिव तामाङले हारको नैतिक जिम्मेवारी लिँदै आफ्नो पदबाट राजीनामा दिएका हुन् । सोमबार चुनावी परिणाम सार्वजनिक भएलगत्तै सचिव तामाङले राजीनामा दिएका हुन् । तामाङ दोलखाको मेलुङ गाउँपालिका अध्यक्ष पनि हुन् ।

उनले सामाजिक सञ्जालबाटै राजीनामाको घोषणा गरेका हुन् । उनले सामाजिक सञ्चालमा लेखेका छन्, 'प्रतिनिधिसभा निर्वाचन २०७९ मा नेकपा एमाले दोलखाको पराजयमा नैतिक जिम्मेवारी लिँदै एमाले जिल्ला कमिटी देलखाको सचिवबाट राजीनामा घोषणा गर्दछु ।'

## जागरुक...

विवाद भएको बताए । उनले भने, 'तटबन्ध निर्माणको विषयमा पहिल्यैदेखि विवाद थियो । दुवैतर्फको आवश्यक सहमतिपश्चात मात्रै कसरी अगाडि बढ्ने भनेर निर्णय गर्ने सहमति भएको थियो । तर, भारतीय पक्षले एकपक्षीय ढंगले तटबन्ध बनाउन खोज्दा विरोध भएको हो ।' उनले विहान ढिलो गरेर भारतीय नाका खोलिएको बताए ।

## बलियो...

विवाद समाधान गर्न सरकार जति संवेदनशील हुनुपर्ने हो, त्यो हुन सकेकौ छैन । अरू त अरू नेपाली भूभाग कति मिचिएको छ, त्यो आँकडा पनि नेपालसँग छैन । कूटनीतिक पहलबाट वार्ता गर्दा नेपालले दरिलो प्रमाण बोक्नुपर्नेछ ।

भारतलाई कूटनीतिक नोट पठाएर वार्ताबाट सीमा समस्या समाधानको पहल गर्ने र उनीहरू मान्दैनन् भने अन्तर्राष्ट्रिय सहयोग माग्नेतर्फ नेपालले पहल गर्नुपर्ने जरुरी छ । नेपाली सीमालाई नेपाली जनताले नै धेरै ठाउँमा जोगाएका छन् । सीमामा भारतीय ज्यादती देखेपछि त्यहाँका स्थानीयले सरकार निदाएको देख्नु स्वभाविक हो ।

पछिल्लोपटक तत्कालीन परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली र परराष्ट्र सचिव शंकरदास बैरागीले मलाई बोलाएका थिए । उहाँहरूलाई ब्रिफ गर्दा मैले वार्ताबाटै समाधान खोज्ने र नभए मध्यस्तकर्ताका रूपमा अर्को मुलुक खोज्ने सुझाव दिएको थिएँ ।

त्यसबाट पनि पार लागेन भने अन्तर्राष्ट्रिय अदालत जानेसम्मको सुझाव पनि मैले दिएको थिएँ । तर, हामी जाँदा राम्रो गृहकार्य गरेर जानुपर्छ । 'स्यालको सिकार गर्न जाँदा बाघको खजाना बोकेर जानुपर्छ' भन्ने उखानलाई उदृत गरेर मैले सुझाव दिएको थिएँ । त्यो सुझावको कार्यान्वयन भएजस्तो लागेन ।

## यो निरीहता...

आफ्नो हक पाउनु भनेको कसैको विरोध गर्नु र कसैसँग जोरी खोज्नु होइन भन्ने कूटनीति बनाउन के कुराले रोक्छ सरकारलाई ? राज्य यस्तो हुनु हुँदैन । सरकार अब यसरी चल्नु हुँदैन । नेपाली राष्ट्रिय राजनीतिमा अब नयाँ पुस्ताको आगमन भइसकेको छ । त्यसैले अब नयाँ सिराबाट कुरा गरौं । दार्चुलामा भेट्ने हो कि काठमाडौंमा भेट्न हो, कि दिल्लीमा भेट्ने हो, तय गरौं । तर, निरीहताको निरन्तरता हाम्रो पुस्तालाई स्वीकार्य छैन ।


# जोशीपुर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## जोशीपुर, कैलाली
## सुदुरपश्चिम प्रदेश, नेपाल

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशित मिति :- २०७९/०८/२०

यस कार्यालयबाट मिति २०७९।०६।१४ को HIAMALAYAN TIMES DAILY तथा PPMO को E-Procurement Portal मा समेत प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मध्ये तपशिल बमोजिमका बोलपत्रहरु न्युनतम मुल्यांकित सारभूत रुपमा प्रभावग्राही भई स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आए बमोजिम सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४७ को प्रयोजनार्थ सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम स्वीकृतिको आशयको सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो आशयको सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| सि.न. | ठेक्का नं. | योजनाको नाम | छनौट भएको बोलपत्र दाताको नाम र ठेगाना | कबोल रकम रु. (भ्याट र PS बाहेक) |
|---|---|---|---|---|
| 1 | JRM /NCB/WORKS02/079/080 | GhailaItta Bhatta Dekhi Dhaireni Hudai Mainpokhari Pulsamma Sadak Kalopatre Ward | K.M.Construction Dhangadhi-5, Kailali | 25,17,600.00 |
| 2 | JRM /NCB/WORKS03/079/80 | Manikapurchauraha dekhi Dakshin Tole Badahariya Hasnapur Mul Bato samma pakki Kalopatre nalashihit wada 1,3,4 | K.M.Construction Dhangadhi-5, Kailali | 13,94,282.50 |
| 3 | JRM /NCB/WORKS04/079/080 | Sabhahall Mathi Tala Thap Nirman | Bishwo Laxmi Nirman Sewa Dhangadhi-5, Kailali | 18,76,601.00 |
| 4 | JRM /NCB/GOODS/01/079/080 | The Procurement Of Fabrication Package (Fabricated Steel Parts for Trail Bridge) | Hetauda Fabrication and Galvanizing Pvt.Ltd. | 30,99,971.36 |

प्रमुख प्रशासकीय अधिकृत



# घिरिङ्ग गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पोखरीछाप, तनहुँ
## गण्डकी प्रदेश, नेपाल

## बोलपत्र आब्हान सम्बन्धी सूचना

सूचना नं (०४)/२०७९-८०

प्रथम पटक प्रकाशित मिति : २०७९/०८/२०

**यस गाउँपालिकाको आ.ब. २०७९/८० को लागि तपसिल बमोजिमका निर्माण कार्य बोलपत्रको माध्यमबाट खरिद गर्नु पर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही बोलपत्र आब्हान गरिन्छ । ईच्छुक योग्यता पुगेका बोलपत्रदाताहरुले नियमानुसार आवश्यक कागजात सहित विधुतीय खरिद पोर्टल** http://www.bolpatra.gov.np/epg **मार्फत खरिद गरी देहाय बमोजिमको मिति भित्र दर्ता गर्न सकिने छ ।**

तपसिल

१. निर्माण कार्यको विवरण

| क्र.स. | ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम (भ्याट र ३% कन्टिनजेन्शी समेत) | बोलपत्र दस्तुर रकम | धरौटी रकम |
|---|---|---|---|---|---|
| १ | 04/NCB/ WORKS/ GRM/ 2079-080 | Construction Of Kathekot Atrauli Motar Marg | 9944515.58 (Ninety Nine Lakhs Forty Four Thousands Five Hundred Fifteen Rupees And Fifty Eight Paisa Only) | Rs 3000/- (Three Thousands Only) | Rs 250000/- (Two Lakhs Fifty Thousands Only) |

२. जमानत तथा अन्य विवरण

| | | | |
|---|---|---|---|
| १ | बोलपत्र खरिद गर्ने अन्तिम मिति | 2079/09/20 At office hours. | उल्लेखित मितिमा सार्बजानिक बिदा पर्न गएमा सो को भोलिपल्ट सोहि समयमा बोलपत्र खोलिनेछ । |
| २ | बोलपत्र फाराम बुझाउने अन्तिम मिति | 2079/09/21 within 12:00 noon | |
| ३ | बोलपत्र खोल्ने मिति | 2079/09/21 2:00 pm on wards | |
| ४ | बोलपत्र दस्तुर बुझाउने बैंक र खाता नं. | Kumar Bank Limited/0840034598100010 | |
| ५ | धरौटी बापतको रकम बुझाउने बैंक र खाता नं. | Kumari Bank Limited/0840034598100004 | |

३. बैंक जमानत (Bid Bond) सम्बन्धी कागजातमा अनिबार्य ठेक्का नं. उल्लेख गर्नुपर्ने छ अन्यथा बोलपत्र मूल्यांकनमा समाबेश गरिने छैन ।

४. थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा login गरेर वा कार्यालय समयमा ९८४६०१६८०५ मा सम्पर्क गर्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत



## पुरानो सामानको बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

यस बैंकले आफ्नो पेप्सीकोला शाखाको पुरानो भवनमा रहेको सामानहरू गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा उक्त सामान के कति मूल्यमा खरिद गरि लिने हो सो खुलाई ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय अनुसारको शर्त तथा बन्देजहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा आईपुग्ने गरी बोलपत्र पेश गर्नुहुन जानकारी गराईन्छ ।

**शर्त बन्देजहरु :**

१. बोलपत्र फारम एक प्रतिको रु. १,०००/- यस बैंकको Tender Fee खाता नम्बर ०९९९५२४६७०५४१५४६ (फिर्ता नहुने गरी) मा जम्मा गरी बैंकको केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं वा सम्बन्धित शाखा स्थित प्रशासन विभागमा उपलब्ध छ । बोलपत्र फारममा आवश्यक विवरण खुलाई खामबन्दी गरी खाम बाहिर **"पुरानो सामानको खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** उल्लेख भएको हुनु पर्नेछ ।
२. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको पुरानो सामान जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लैजानु पर्नेछ । उक्त पुरानो सामानको स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकको लाजिम्पाट काठमाण्डौंको प्रशासन विभाग वा सम्बन्धित पेप्सीकोला शाखा कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।
३. कारण खुलाई वा नखुलाई प्राप्त कुनै वा सबै बोलपत्र रद्ध गर्ने वा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
४. बोलपत्र सम्बन्धि अन्य व्यवस्था बैंकले उपलब्ध गराएको बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

**बिस्तृत जानकारीको लागि**
**माछापुच्छ्रे बैंक लिमिटेड, प्रशासन विभाग, लाजिम्पाट, काठमाण्डौं**
**फोन नं. ०१-४४२८५५६**

माछापुच्छ्रे बैंक

सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रीय कार्यालय लाजिम्पाट

# नारायणी नदी तटबन्धको काम थालिएपछि स्थानीय खुसी

■ सौर्य समाचार

चितवन । भरतपुर महानगरपालिका-१७ गाजीपुरका ८२ वर्षीय नान्जेल तामाङ्को वर्षातका धेरै दिन नसुतिकनै बित्छ । घर नजिकै नारायणी नदी सुसाएसँगै बगाउँछ कि भन्ने डरले रातको समयमा बाहिर आएर हेर्दैमा उनको रात बित्छ । धेरैपटक केटाकेटी बोकेर छिमेकीकोमा आश्रय लिएको पीडा उनीसँग ताजै छ । लमजुङ्को फुलिङ्गिरीबाट बसाइँ सरेर धेरै पहिला त्यहाँ आएको नान्जेलको परिवारसँगै धेरैको पीडा उही नै छ । भरतपुर महानगरपालिका-१६ भगेरी थानका रमेश राई नदी तटबन्ध हुने सुनेपछि निकै खुसी छन् । उनले भने, 'अब जिउ धन जोगिने भयो', नारायणीको तटीय क्षेत्रमा बसोबास गर्नेको निकै पीडादायिक जीवन जिउनुपर्ने बाध्यता छ । हरेक वर्षजसो ठाउँठाउँबाट नदी गाउँमा पसेर जनधनको ठूलो क्षति हुने गरेको छ ।त्यसै क्षेत्रबाट विस्थापित भएर धेरै अहिले सुकुम्बासीको रूपमा जिउन बाध्य छन् । विगत १० वर्षदेखि तटबन्धको काम थालिएको भए पनि बजेटको अभावमा न्यून काम मात्र भएको छ ।

यसवर्ष भने पर्याप्त बजेटको निकासासँगै पाँच खण्डमा विभाजन गरेर काम थालिएको छ । गत असार अघि नै बोलपत्र आह्वान भई सम्झौता भएका तीन खण्ड र त्यसपछि बोलपत्र आह्वान भई सम्झौता भएको एउटा खण्ड गरी चार खण्डको काम थालिएको छ । अन्य एक खण्डमा छिट्टै काम थालनी गरिँदै छ । नारायणी नदी व्यवस्थापन आयोजनाका सूचना अधिकारी सिनियर डिभिजनल इन्जिनियर शंकर बुढाथोकीका अनुसार चार खण्डको सम्झौता भइसकेको छ भने एक खण्ड सम्झौताको चरणमा रहेको छ । असारअघि नारायणी नदीको महानगरतर्फ सिसइदेखि भगडीसम्मको तटबन्धका लागि ३८ करोडमा ठेक्का सम्झौता भएको हो । त्यसैबेलाको अर्को एक खण्ड गाजीपुरदेखि हीरापुरसम्मको ४८ करोडमा ठेक्का सम्झौता भएको छ । तेस्रो रामघाटदेखि काभ्रेघाटसम्मको १ अर्ब १५ करोडमा ठेक्का सम्झौता भइसकेको छ । चौथो खण्ड २६ करोडमा ठेक्का सम्झौता भएको छ । यो बालुवादेखि गोलाघाटसम्मको६ दशमलव ८ किलोमिटर तटबन्धको पनि सम्झौता भई कामको प्रक्रिया सुरु गरिएको छ । उनका अनुसार एउटा खण्डबाहेक सबैको कामको प्रक्रिया सुरु भएको हो । सम्झौता भइसकेका तीन खण्ड पाँच किलोमिटर लम्बाइका छन् । गत कात्तिकमा सम्झौता भएको बालुवादेखिगोलाघाटसम्मको ६ दशमलव ८ किलोमिटरमध्ये २ दशमलव ५ किलोमिटर नयाँ तटबन्ध र अन्य मर्मतसंहार रहेको छ ।

नारायणी नदी नारायणगढस्थित पुलबाट पूर्वतर्फको सिविच बोलपत्र आह्वान भई मूल्यांकनको चरणमा रहेको छ । नारायणी किनारको जंगलको क्षेत्रबाहेकका सबै ठाउँमा तटबन्धका लागि ठेक्का लगाइएको हो । आर्थिक वर्ष ०६६/६७ बाट निरन्तर काम भइरहे पनि हालसम्म १ अर्ब ८३ करोड मात्र विनियोजन हुँदा काम प्रभावकारी हुन सकेको थिएन । चितवनतर्फ ३५ किलोमिटर र नवलपरासीतर्फ ५७ किलोमिटर तटबन्ध र स्पर निर्माण गरिनेछ । चितवनका लागि ९ अर्ब ५५ करोड र नवलपरासीका लागि १४ अर्ब ४३ करोड खर्च लाग्ने प्रस्तावित लागत रहेको छ । हालसम्म चितवनतर्फ १५ किलोमिटर र नवलपरासीतर्फ ११ किलोमिटर तटबन्ध गरी सकिएको छ । गुरुयोजनाअनुसार नदी तटबन्ध गरिँदै गर्दा १ लाख ९८ हजार ६ जना प्रत्यक्षरूपबाट लाभान्वित हुनेछन् । १४ हजार १९ हेक्टर जमिन डुबानबाट बच्नेछ भने कम्तीमा ८० हेक्टर जमिन संरक्षण गरी उपयोगमा ल्याउन सकिने आयोजनाका प्रमुख गणेश मरासिनीले बताए ।

सबै क्षेत्र ठेक्का लागेपछि निर्माणको प्रक्रिया सुरु हुँदै गर्दा भरतपुर महानगरपालिकाको संयोजनमा सोमबार स्थलगत निरीक्षण एवं छलफल गरिएको छ । आयोजनाका कर्मचारी, निर्माण व्यवसायीका प्रतिनिधि, स्थानीय र सरोकारवालाको रोहोबरमा महानगरपालिकाले छलफल गरेको हो । नदी तटीय विभिन्न क्षेत्रमा गरिएको छलफलमा महानगर प्रमुख रेनु दाहालले मिहिनेतका साथ परियोजना परेको भन्दै निर्धारित समयमा काम सम्पन्न गर्न निर्माण कम्पनीका प्रतिनिधिलाई निर्देशन दिए । स्थानीयलाई उनले भने, 'अब बाढीका कारण तपाईंहरूले दुःख पाउने दिन हटेर जाँदै छ ।'

चार खण्ड दुई र एउटा खण्ड तीन वर्षमा सम्पन्न हुने भन्दै उनले आफूले अघिल्लो कार्यकालको सुरुआती चरणबाट थालेको कामले गति लिएको बताए । आयोजनाका प्रमुख मरासिनीले एकै साथ नारायणीको अधिकांश भू-भाग तटबन्ध हुने गरी महत्वपूर्ण आयोजना अघि बढेको भन्दै सबैको साथ र सहयोगको अपेक्षा गरे ।

---

## कर्णाली जलश्रोत लिमिटेडको सातौँ वार्षिक साधारण सभा सम्बन्धी सूचना

यस कम्पनीको मिति २०७९।०८।१० मा बसेको सञ्चालक समितिको निर्णय अनुसार तपसिलमा लेखिएका प्रस्तावहरुमा छलफल गरी निर्णय अनुमोदन गर्नका लागि कम्पनीको सातौं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा बस्ने भएकोले यस कम्पनीका सम्पूर्ण साधारण शेयरधनीहरुलाई उपस्थित भई दिनुहुन जानकारीका निम्ति पत्र, फोन, इमेल मार्फत सूचना पठाई सकिएको हुँदा कुनै कारण बस सूचना प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि उपस्थितिका लागि यो सूचना प्रकाशित गरीएको छ ।

**छलफलमा विषयहरु**

१. सञ्चालक समितिको प्रगति प्रतिवेदन ।
२. आ.व. २०७८/०७९ मा भएको कारोवारको कम्पनीको लेखापरिक्षण प्रतिवेदन ।
३. आ.व. २०७९/०८० मा भएको कारोवारको लेखापरिक्षण गर्न लेखापरिक्षकको नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा ।

**विशेष प्रस्ताव**

५. कम्पनीको सञ्चालक हुन लिनु पर्ने न्युनतम शेयर संख्या सम्बन्धमा ।
६. कम्पनीको नियमावली संशोधन सम्बन्धमा ।
७. विविध ।

**बार्षिक साधारण सभाः**
मितिः २०७९ पौष २३, शनिवार
समयःदिउसो ११.०० बजे
स्थानः बुद्धनगर पार्टी प्यालेस, बुद्धनगर काठमाडौं

**अध्यक्ष**
**सञ्चालक समिति**

---

Local Government

## Indrawati Rural Municipality

### Office of the Rural Municipal Executive

Nawalpur, Sindhupalchok
Bagmati Province, Nepal

**INTENTION TO AWARD**

**Date of Publication: 2079/08/20**

Pursuant to Clause 27(2) of Public Procurement Act-2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on www.bolpatra.gov.np/egp and 'Sourya' National Daily dated 2079/05/13.

| S. N. | Contract No. | Name of Work | Name and Address of Bidder | Bid Price (including VAT and PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/079/080-016 | Upgrading works of different road ward no 11 (Madyepahadi – Bisdeutar, Neupanetar – Bodgaubagar) | M/S S.S.A.N Construction And Suppliers, Bakaiya -7, Makwanpur | NRs. 23,09,184.81 |
| 2 | IRMSI/W/NCB/079/080-17 | Construction works of Sisnekhola Neupanetar Sinchai Yojana | M/S Sindhudhuseni Construction and real State, Shivachok Kathmandu | NRs. 15,96,121.32 |
| 3 | IRMSI/W/NCB/079/080-19 | Construction works of ward no 2 water supply Project | M/S Sindhudhuseni Construction and real State, Shivachok Kathmandu | NRs. 22,73,653.64 |

**Chief Administrative Officer**

---

## Jaljala Rural Municipality

### Office of the Rural municipal Executive

Lamakhet, Parbat
Gandaki, Province

## Notice for Openning of Price Bids

**(Publication date: 6th DEC, 2022)**

This is to notify all the concerned bidders that among the Technical Bids opened on December 2, 2022 for the execution of Construction of ward office building at jrm-01 bashkharka jrm-04, phatkedhunga, jrm-05 lekhphat, jrm-06 salija, jrm-07 dhairing and jrm-09 banau (Contract no:- JRM/NCB/W/B/01/2079-80) as per bid notice published on Nov-17 2022 in Naya Patrika Daily and www.bolpatra.gov.np/egp, following bidders technical bids are accepted after evaluation as per "Evaluation and qualification Criteria"of Bid Document, PPA and PPR. It is hereby informed to all concerned bidders that opening of price bids is scheduled as listed below.

| S.No. | Name of Successful Bidder | Price Bid Openning Date, Time and Place | Remarks |
|---|---|---|---|
| 1. | Jayalaxmi/Abhinav JV<br>Baglung Municipality-03, Baglung | 13th DEC 2022 at 13:00 PM<br>Jaljala Rural Municipality Office | |
| 2. | Kaushik/A.A JV<br>Mangalsen Achham | | |
| 3. | Machhapuchere Nirman Sewa<br>Dhairing-05, Milanchowk | | |

**Chief administrative officer**
**Jaljala Rural Municipality**

---

सुदूरपश्चिम प्रदेश सरकार
भूमी व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

## भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

मार्तडी, बाजुरा

**सूचीकृत हुन आउने बारेको सूचना**

प्रथम पटक प्रकाशित मिति २०७९।८।२०

यस भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाजुराको आ.व. २०७९।०८० को वार्षिक स्वीकृत कार्यक्रमहरुमा सहभागी हुन चाहने ईच्छुक कृषक, कृषक समूह, सहकारी संस्था, व्यवसायिक फर्म/कम्पनी/उद्यमी/व्यवसायीहरुले यो सूचना प्रकाशित भएको मितिले तीस दिन भित्र तपसिलका कागजातहरु सहित तोकिएको ढाँचामा आवेदन दिई सूचीकृत हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

संलग्न कागजातहरु
१. अनुसूची २ अनुसारको सूचिकृत गर्ने निवेदन
२. संस्था दर्ता, नविकरण प्रमाणपत्रको प्रतिलिपि
३. स्थाइ लेखा नम्बर वा भ्याट दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ. व. २०७८।०७९ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. आ. व. २०७८।०७९ को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि
६. संस्थाको निर्णयको प्रतिलिपी

थप जानकारीको लागि यस कार्यालय तथा कार्यालयको टेलीफोन नं. ०९७ -५४१०६४, मोबाइल नं. ९८५८४८५७६४ र ९८५८४२५०२० मा सम्पर्क राख्न सक्नुहुनेछ ।

---


## ZERO COST RECRUITMENT FOR MALAYSIA!!

## (मलेसियाको लागि शुन्य लागतको रोजगार)

Free Visa, Free Ticket, Free Service Charge
Free Medical, Free PCR, Free Transportation (After Selection) And Free Logding-fooding
(फ्रि भिषा, फ्रि टिकट, फ्रि सर्भिस चार्ज, फ्रि मेडिकल
फ्रि पिसिआर, फ्रि यातायात (छनौट पछी) र फ्रि आवास)

रोजगारदाता कम्पनी (Employer Company) : **ROSSI DESIGN MARKETING SDN. BHD.**

| पूर्व स्वीकृत मिति: Pre Approval Date: | 2022/06/06 | चलानी नं.: Invoice No.: | 60180466 ६०१८०४६६ | एल टि नं.: L.T. No.: | 264406 २६४४०६ |
|---|---|---|---|---|---|

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's पुरुष Male | माग संख्या Required No's महिला Female | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary रिङ्गिट MYR | मासिक तलब Monthly Salary ने.रु. NPR | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुबिध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Factory Worker (Manufacturing Sec.) | 1 | 0 | स. काममा दक्ष | 1500 | ४८,१५० | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन No | छ Yes | दुई वर्ष 2 Years |

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहोर्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगार दाताले ब्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहोर्ने By the Employer |

**Company** does not impose any Recruitment/Placement Fee For this Employment
**कम्पनीले** रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।)

- Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment.
(आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- We will not discriminate Workers or potential workers in any way.
(हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाव गर्ने छैनौं ।)
- No one is allowed to take or give away gifts or bribes from suppliers and customers.
(उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees.
(हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

Feel Free to Report against Fraud, illegal activities or Corruption in Our Hotling Number Directly. We Shall Maintain Your Confidentiality.
(धोखाधरी अबैद्य क्रियाकलाप वा भ्रष्टाचार विरुद्ध हाम्रो हटलाइनमा सिधा रिपोर्ट गर्न नहिचकिच्याउनु होस । हामी तपाईको गोप्नीयता सुनिष्चित राख्ने छौं ।)

**Interview shall be conducted adhering to social distancing guidelines and COVID-19 protocols.**
**(अन्तर्वार्ता कोभिड-१९ को सुरक्षा प्रक्रिया र सामाजिक दूरी कायम गरी आयोजना गरिनेछ ।)**

**Final Interview is going to conduct on 13 December 2022 in office Premises.**
**(फाइनल अन्तर्वार्ता मिति २०७९ मंसिर २७ गते यस कार्यालय परिसारमा हुनेछ ।)**

**We Declear that "Skyways Bureau Services Pvt.Ltd." don't have branch and agent.**
**स्काईवेज ब्यूरो सर्भिसेज प्रा.लि. को कोही कतै पनि शाखा र एजेन्ट नभएको जानकारी गराउँदछौं ।**

Candidates who are interested in this company can directly contact us for further counseling.
(यस कम्पनिमा जान चाहने कामदारहरुले थप परामर्शको लागि यस प्रा लि मा सिधा सम्पर्क गर्न सक्नुहुनेछ ।)

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

## Skyways Bureau Services Pvt. Ltd.

Gov. Lic. No. 871/066/067
पो.ब.नं. २५३ बद्री कोलनी, सकेधारा, काठमाडौं, नेपाल फोन नं. ०१-४३७६१०१, ०१-४३७६१०२
फ्याक्स : ४३७६११२, Email : info@skywaysnepal.com, www.societaloverseas.com

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# पाँच दलीय गठबन्धनको जिम्मेवारी

पाँचदलीय गठबन्धनका शीर्ष नेताहरू भावी सरकार निर्माणका लागि छलफलमा जुटेका छन् । अहिलेको अवस्थामा पाँच दलीय गठबन्धनको सरकार निर्माण अत्यन्त स्वभाविक हो । पहिलो कुरा त तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले दुई/दुईपटक संसद् विघटन गरेर नेपालको संविधान ( २०७२) लाई नै धरापमा पारेपछि प्रतिगमन रोक्नका लागि बनेको गठबन्धन हो यो । ओली फेरि प्रधानमन्त्री बने भने प्रतिगमनको खतरा झन् बढ्ने अवस्था किन पनि छ भने ओलीले प्रतिगामी शक्ति राप्रपासँग गठजोड गरी झन् शक्ति आर्जन गरेका छन् । दोस्रो कुरा पाँच दलीय गठबन्धनले चुनावमा भोट माग्न जाँदा नै अबको पाँच वर्ष स्थायी सरकार दिने वाचा जनसमक्ष गरेको छ । त्यसैले अर्को सत्ता समीकरणका लागि विकल्प खोज्ने जनादेश पाँचदलीय गठबन्धनका घटकदलहरूलाई छैन । तर सरकार गठनका लागि पाँच दलीय गठबन्धनले सुविधाजनक बहुमत पाएन । बहुमतका लागि कम्तिमा १ सय ३८ सिट आवश्यक पर्नेमा पाँच दलीय गठबन्धनले जम्मा १ सय ३५ सिट प्राप्त गऱ्यो । तीन सिट पुगेन । यो तीन सिट जुटाउनका लागि पाँच दलीय गठबन्धनलाई खासै समस्या छैन । विकल्पहरू निकै धेरै छन् । तर, बहुमत टिकाइरहन र पाँच वर्षसम्म स्थिर सरकार दिन भने निकै चुनौतीहरू छन् ।

पाँच दलीय गठबन्धन नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाको नेतृत्वमा बनेको हो । ०७८ असारको अन्तिम साता प्रधानमन्त्री पदमा नियुक्त भएका देउवाले साउनको पहिलो साता प्रतिनिधिसभामा विश्वासको मत लिएका थिए । त्यतिबेला प्रधानमन्त्री देउवाको पक्षमा १ सय ६५ मत परेको थियो भने विपक्षमा ८३ मत परेको थियो । १ सय ६५ सिट रहेको पाँच दलीय गठबन्धनले भरखर सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा १ सय ३५ सिट मात्रै प्राप्त गरेको छ । ३० सिट गुमेको छ । यो सानो नोक्सानी होइन । एक हिसाबले भन्ने हो भने पराजय हो । पाँच दलीय गठबन्धनसँग जनता विश्वस्त छैनन् है, भन्ने सन्देश हो यो । यदि प्रतिगमनको खतरा हुँदैनथ्यो भने पाँच दलीय गठबन्धनमा सामेल पार्टीहरूले सरकार निर्माणको गृहकार्य नगर्दा पनि हुन्थ्यो । तर विकल्प देखिएन । सरकार गठन गर्नु पाँच दलीय गठबन्धनको बाध्यता हो ।

प्रतिनिधिसभालाई पूरै आयु जीवित राख्ने र संविधानद्वारा निर्धारित मितिभित्रै स्थानीय, प्रदेशसभा र प्रतिनिधिसभाको निर्वाचन गर्ने मामिलामा पाँच दलीय गठबन्धनले स्तुत्य काम गरेको छ। यसबाहेक अरू ठूला अपेक्षा पाँच दलीय गठबन्धनको सरकारसँग जनताले गरेका पनि थिएनन् । आफ्नो मुख्य दायित्व पूरा गरेकोमा पाँच दलीय गठबन्धन तथा यसका नेता शेरबहादुर देउवा बधाईका पात्र छन् । तर चुनाव पछिको जनअपेक्षा परिवर्तन भएको छ । अब कस्तो सरकार बनोस् ? सरकारमा कस्ता कस्ता व्यक्तिहरू सामेल होउन् ? सरकारले के के काम गरोस् भन्ने कुरा जनता चाहन्छन् त ? भन्ने प्रश्नको मोटामोटी उत्तर जनताले मतदानमार्फत प्रकट गरेका छन् । पटकपटक सांसद बनेका तथा पटकपटक मन्त्री बनेकाहरूमध्ये अधिकांशलाई जनताले चुनाव हराइदिएका छन् । यसको सन्देश भनेको अबको सरकारमा बासी अनुहारहरू समावेश नहोउन् भन्ने नै हो । पहिलो कुरा त नयाँ सरकारमा सबै नयाँ अनुहार ल्याउनेतर्फ पाँच दलीय गठबन्धन सचेत हुनु जरुरी छ । जनताले दिएको अर्को सन्देश हो, 'अनुत्पादक खर्च कटौती गर ।' प्रदेशसभा निर्वाचनमा भाग नै नदिएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई जनताले मत ओहिऱ्याएका छन् । यथास्थितिमा प्रदेश संरचना अघि नबढाउ भन्ने मतादेश हो हो । संविधानले २५ जना मन्त्री राख्ने सुविधा दिएको छ भन्दैमा संघीय मन्त्रिपरिषद् २५ सदस्यीय बनाउनु जरुरी छैन । १०/१२ जनाको छरितो मन्त्रिपरिषद् गठन गरेर मितव्ययिताको सन्देश दिनु जरुरी छ। सार्वजनिक खर्च कटौतीका सन्दर्भमा राष्ट्रिय स्वतन्त्र पार्टीले घोषणापत्रमा उल्लेख गरेका केही प्रतिवद्धताहरू विचारणीय छन् । राष्ट्रिय सभाको अध्यक्षलाई नै उपराष्ट्रपतिको जिम्मेवारी दिँदा नराम्रो हुँदैन । स्थानीय तहका प्रमुख र उपप्रमुखहरूद्वारा मतभारका आधारमा प्रदेशको मुख्यमन्त्री तथा उपमुख्यमन्त्री चुन्ने, प्रदेशसभाको काम स्थानीय तहका प्रमुख तथा उपप्रमुखहरू रहेको परिषद्द्वारा गराउने, राज्यको कुनै अर्को जिम्मेवारीमा नरहेका विज्ञहरू समावेश गरेर बढीमा पाँच जनासम्मको प्रदेश मन्त्रिपरिषद् बनाउने लगायतका रचनात्मक सुझावलाई अबको सरकारले आत्मसात गर्नुपर्छ । चुनावमा भोट माग्न जाँदा साझा घोषणापत्र जारी गर्न नसक्नु पाँच दलीय गठबन्धनको ठूलो कमजोरी हो । अब सरकार गठन गर्दा न्यूनतम साझा कार्यक्रम बनाउन कुनै पनि हालतमा चुक्नु हुन्न ।

# अबको सरकार प्रतिगमन विरोधीको



मोहनविक्रम सिंह

> पाँचदलीय गठबन्धनका विभिन्न पार्टी वा संगठनहरूसित हाम्रा गम्भीर प्रकारका मतभेदहरू छन्, जस्तै कि संघीयता, एमसिसी, नागरिकता विधेयक आदि । मधेसवादी संगठनहरूसित तराई, संविधान र त्यसमा संशोधनका प्रश्नहरूसित पनि हाम्रा कैयौँ मतभेदहरू छन् । तर यी सबै मतभेदहरूको बाबजुद अहिलेको स्थितिमा प्रत्यक्ष रूपमा साम्राज्यवादको हितमा काम गर्ने कुनै सरकार वा नेका र एमालेको गठबन्धन भएर बन्ने जस्तो कुनै सरकारभन्दा अहिलेको गठबन्धनबाट बन्ने सरकार नै बढी उपयुक्त हुन्छ भन्ने हाम्रो दृष्टिकोण रहेको छ

प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भइसकेपछि अहिले संघीय सरकारको निर्माणको प्रश्न मुख्य भएको छ। हाम्रो यो स्पष्ट मत छ कि अहिलेको देशको राजनीतिक स्थितिमा गठबन्धनको सरकार नै सबैभन्दा उपयुक्त हुने छ । तर गठबन्धनको सरकारको निर्माणको मार्गमा भएका कतिपय समस्या र जटिलताहरूतर्फ प्रति पनि हाम्रो पार्टीको ध्यान गएको छ ।

चुनावद्वारा पाँचदलीय गठबन्धनलाई पर्याप्त बहुमत प्राप्त हुन्छ भन्ने हामीलाई विश्वास थियो र त्यसका लागि वस्तुगत आधार पनि थियो। तर त्यसका लागि चुनावको परिणाम सन्तोषजनक रूपमा प्राप्त हुन सकेन। सन्तोषजनक परिणाम नआउनुमा पाँच दलीय गठबन्धनभित्रका कतिपय घटकहरूका आन्तरिक अन्तर्विरोध र कमजोरीहरू नै बढी जिम्मेवार रहेका छन् ।

जनताको महान आन्दोलनद्वारा प्राप्त उपलब्धिहरू बहुदलीय व्यवस्था, गणतन्त्र र धर्मनिरपेक्षता समेतको रक्षा गर्ने तथा तिनीहरूका अगाडि उपस्थित प्रतिगमनको खतरालाई पराजित गर्ने राजनीतिक उद्देश्यसहित नै पाँचदलीय गठबन्धन अस्तित्वमा आएको थियो । त्यही सन्दर्भमा पाँचदलीय चुनावी तालमेल पनि भएको थियो । पाँचदलसित जोडिएका विभिन्न राजनीतिक घटकहरूसित हाम्रा गम्भीर प्रकारका मतभेदहरू भए पनि देशमा उपस्थित गम्भीर प्रकारको संकटमाथि ध्यान दिँदै, खास गरेर प्रतिगमनलाई पराजित गर्ने आवश्यकतामाथि ध्यान दिएर हामीले पाँच दलीय गठबन्धन वा पाँच दलीय चुनावी तालमेल गर्ने नीति अपनाएका थियौँ र त्यो नीतिलाई राष्ट्रिय जनमोर्चाले इमानदारी र दृढतापूर्वक कार्यान्वयन पनि गरेको थियो ।

तर त्यसमा समस्या के भयो भने अन्य कतिपय राजनीतिक पक्षहरूले मुख्य राजनीतिक उद्देश्यलाई केन्द्रमा बनाएर भन्दा पनि आपसी अन्तर्विरोध, गुटबन्दी, अराजनीतिक प्रकारका छलछाम गरेर चुनाव लड्ने नीतिहरू अपनाएका थिए । त्यो क्रममा उनीहरूले कतिपय स्थानहरूमा गठबन्धन वा आफ्नै पार्टीका उम्मेद्वारहरूलाई हराएर एमालेका उम्मेद्वारहरूलाई जिताउने प्रकारका अन्तर्घातहरू गरेका कैयौँ उदाहरणहरू पनि पाइन्छन् । ती कारणहरूले गर्दा नै पाँच दलीय गठबन्धनको जुन स्पष्ट बहुमत आउनु पर्दथ्यो, त्यो आउन नसकेको कुरा प्रष्ट छ । सम्बन्धित सबै पार्टी वा राजनीतिक संगठनहरूले त्यसबारे समीक्षा गरेर आगामी दिनहरूमा त्यस प्रकारका गल्तीहरूको पुनरावृत्ति हुन नदिन प्रयत्न गर्नुपर्ने आवश्यकता छ ।

गठबन्धनभित्रका अन्तर्विरोध, कमजोरी वा गुटबन्दीका कारणले चुनावपछि गठबन्धन धेरै कमजोर अवस्थामा पुगेको छ, त्यसको परिणामस्वरूप सरकार बनाउनको लागि गठबन्धनको नीतिसित सहमत नभएका कतिपय राजनीतिक समूहहरूसित तालमेल गर्नुपर्ने र देशमा राजनीतिक अस्थिरता पैदा हुने सम्भावना पनि बढेर गएको छ। त्यस प्रकारको अवस्थामा देशभित्रका वा कतिपय विदेशी शक्तिहरूले पनि सरकारमाथि गलत प्रकारको दबाब बढाएर लैजाने र त्यसबाट देशको राष्ट्रिय हितमा गम्भीर प्रकारको क्षति पुग्ने खतराप्रति पनि हाम्रो गम्भीर ध्यान जानुपर्ने आवश्यकता छ। त्यसप्रकारको स्थिति उत्पन्न हुनुका पछाडि पनि पाँच दलीय गठबन्धन वा त्यसभित्रका कतिपय पक्षहरूका आफ्नै उम्मेद्वारहरूका विरूद्धका अन्तरघात नै हो भन्ने कुरा प्रष्ट छ ।

हाम्रो यो निष्कर्ष रहेको छ कि पाँच दलहरूको नेतृत्व तहबाट पाँच दलीय चुनावी तालमेललाई सफल पार्न इमानदारीपूर्वक प्रयत्न गरिएको थियो । तर पाँच दल मध्ये नेकाभित्रको नीतिगत रूपमा नै गठबन्धनको विरोध गर्ने कतिपय पक्षहरू वा माओवादीहरूका पनि स्थानीय तहका विभिन्न प्रकारका अन्तर्विरोध र कुण्ठाहरूका कारणले गठबन्धनका सबै उम्मेद्वारहरूको जित हुन सकेन र ती मध्ये कतिपय स्थानहरूमा एमालेका उम्मेद्वारहरू विजय भए। त्यसले गर्दा नै पाँच दलीय गठबन्धनलाई पर्याप्त बहुमत प्राप्त हुन सकेन । त्यसैले अहिले गठबन्धनको सरकारको गठनमा समस्या पैदा भएको छ । त्यसबाट एकातिर, प्रतिगमनलाई खेल्ने मौका मिलेको छ भने, अर्कातिर, त्यसको परिणाम स्वरूप देशमा राजनीतिक अस्थिरता तथा अन्य कैयौँ दुष्परिणामहरू हुने सम्भावनालाई अस्वीकार गर्न सकिन्न । अहिलेको यो स्थिति उत्पन्न हुनुका पछाडि गठबन्धनभित्रका कतिपय पक्षहरूद्वारा आफ्नै उम्मेद्वारलाई हराउने नीति जिम्मेवार रहेको कुरा प्रष्ट छ ।

एमालेले जुन प्रकारका प्रतिगामी र अधिनायकवादी नीतिहरू अपनाएको थियो, त्यसको परिणामस्वरूप जनताले त्यसलाई दण्ड दिएका छन् । त्यसबाट जनताको उच्च राजनीतिक चेतना भएको कुरा पनि प्रष्ट हुन्छ। त्यसैले राजावादी शक्तिहरूसित तालमेल गरेर त्यसले बहुमत प्राप्त गर्ने प्रयत्न गरेको भए पनि त्यसको त्यो उद्देश्य सफल हुन सकेन । तैपनि गठबन्धनको कमजोर स्थितिमाथि ध्यान दिएर त्यसले त्यसमा फुट हुने सम्भावनालाई कुरेर बसेको छ । त्यस्तो कुनै स्थिति उत्पन्न भएमा त्यसले पुनः सत्तामा पुग्ने प्रयत्न गर्ने अनुमान गर्न सकिन्छ ।

भारतीय वा अमेरिकी साम्राज्यवादले नेपालको चुनाव र त्यसपछि सरकारको निर्माणलाई आफ्ना साम्राज्यवादी हितहरूको पक्षमा लैजान प्रयत्न गरिरहेका छन् र त्यसअनुसार सरकारको निर्माण गर्न उनीहरूले पूरा प्रयत्न गर्नेछन् ।

नेपाली कांग्रेसभित्रको प्रतिपक्षले एमालेले प्रतिगामी दिशा लिएको कुरालाई नीतिगत रूपमा नै अस्वीकार गर्दछ । उनीहरूको त्यो सोचाइ गठबन्धनको सोचाइभन्दा विपरीत रहेको कुरा स्पष्ट छ । त्यसकारण उनीहरूले नेका र एमालेको गठबन्धन सरकारको निर्माण गर्ने योजनाअन्तर्गत नै चुनावमा भाग लिएका थिए र त्यो योजनामा बल पुऱ्याउन नै उनीहरूले गठबन्धन वा आफ्नै पार्टी नेकाका कैयौँ उम्मेद्वारहरूलाई पनि हराउन प्रयत्न गरेका तथ्यहरू सार्वजनिक भएका छन् । त्यो पक्षका कतिपय नेताहरूद्वारा नेका र एमालेको गठबन्धन सरकारको सम्भावनासम्बन्धी सार्वजनिक अभिव्यक्तिहरू पनि बाहिर आएका छन् । गठबन्धनको सरकारको पक्षमा बहुमत नभएमा वा कुनै पनि कारणले गठबन्धनभित्र फुट भएमा उनीहरूले नेका र एमालको गठबन्धनको सरकार निर्माणमा नै जोड लगाउनेछन् । त्यो अवस्थामा गठबन्धनले अहिलेसम्म प्राप्त गरेका सबै उपलब्धि समाप्त हुनेछन् ।

पाँच दलीय गठबन्धनका विभिन्न पार्टी वा संगठनहरूसित हाम्रा गम्भीर प्रकारका मतभेदहरू छन्, जस्तै कि संघीयता, एमसिसी, नागरिकता विधेयक आदि । मधेसवादी संगठनहरूसित तराई, संविधान र त्यसमा संशोधनका प्रश्नहरूसित पनि हाम्रा कैयौँ मतभेदहरू छन् । तर यी सबै मतभेदहरूको बाबजुद अहिलेको स्थितिमा प्रत्यक्ष रूपमा साम्राज्यवादको हितमा काम गर्ने कुनै सरकार वा नेका र एमालेको गठबन्धन भएर बन्ने जस्तो कुनै सरकारभन्दा अहिलेको गठबन्धनबाट बन्ने सरकार नै बढी उपयुक्त हुन्छ भन्ने हाम्रो दृष्टिकोण रहेको छ, किनभने त्यसले प्रतिगमनका विरूद्ध लगातार र ऐतिहासिक भूमिका खेल्दै आएको छ । पहिले जस्तै अहिले पनि एमालेलाई हामीले प्रतिगामी नै ठान्दछौँ र त्यससित एकता गरेर सरकार बनाउने कुनै पनि नीतिको हामीले दृढतापूर्वक विरोध गर्दछौँ । वास्तवमा एमालेसितको हाम्रो अन्तरविरोध चुनावको जित हार वा कुनै सरकारको गठन वा विघटनसित सम्बन्धित नभएर निश्चित नीतिगत मान्यतामाथि आधारित छ। त्यसले प्रतिगमनको बाटो लिएको हुनाले नै राजावादीहरूसित जस्तै एमालेसित पनि हामीले कुनै पनि प्रकारको एकतालाई अस्वीकार गर्दछौँ । निश्चय नै एमालेभित्र वामपन्थी वा प्रजातान्त्रिक आन्दोलनका लागि लामो संघर्ष वा त्याग र बलिदान गरेको इतिहास भएका धेरै नेता र कार्यकर्ता भएको कुरालाई हामीले स्वीकार गर्दछौँ । तैपनि त्यसको नेतृत्वले प्रतिगामी नीति अपनाएको हुनाले, एमालेले देशलाई प्रतिगामी र अधिनायकवादी दिशामा लैजाने कुरा निश्चित छ। त्यसैले हामीले त्योसित कुनै पनि प्रकारको सहकार्य वा त्योसित गठबन्धन गरेर बन्ने कुनै पनि सरकारलाई दृढतापूर्वक अस्वीकार गर्दछौँ। हामीले आशा गर्दछौँ, एमालेका इमानदार नेता र कार्यकर्ताहरूले संघर्ष गरेर आफ्नो संगठनको नेतृत्व र नीतिलाई बदल्नेछन् । उनीहरूले त्यसो गर्न सकेमा त्यो स्वयं उनीहरूको संगठन र सम्पूर्ण देश र जनताको पनि हितमा हुनेछ ।

कैयौँ मानिसहरूले पाँच दलीय गठबन्धन वा चुनावी तालमेल परस्परमा सिद्धान्त वा नीतिहरू नमिल्ने पार्टीहरूका बिचको अपवित्र गठबन्धन भन्ने गरेको पनि पाइन्छ। तर त्यस प्रकारका मानिसहरूको कमजोरी के हो भने उनीहरूले संयुक्त मोर्चा वा कार्यगत एकताको सिद्धान्त नै बुझिरहेका हुँदैनन् । संयुक्त मोर्चा वा कार्यगत एकता भनेको परस्परमा बेग्लाबेग्लै सिद्धान्त वा विचारहरू भएका दल वा शक्तिहरूको बीचको एकता हो। संसारमा र नेपालमा पनि त्यस प्रकारका थुप्रै उदाहरणहरू पाइन्छन् । मार्क्सवादी-लेनिनवादी सिद्धान्तले पनि संयुक्त मोर्चा वा कार्यगत एकताको नीतिबारे विस्तृत रूपमा व्याख्या गरेको छ । त्यसका आधारमा अहिले कायम भएको पाँच दलीय गठबन्धन वा चुनावी तालमेल सिद्धान्तमाथि आधारित भएको कुरा प्रष्ट छ । परस्पर विरोधी सिद्धान्त वा नीतिहरू भएका शक्तिहरूको बीचको एकता नै संयुक्त मोर्चा वा कार्यगत एकता हो । त्यसैले अहिलेको पाँचदलीय गठबन्धन वा चुनावी तालमेललाई सिद्धान्तहीन बताउनु सिद्धान्तहीन सोचाइ हो ।

# आणुवंशिक परिवर्तन गरिएका विउविजन खतरनाक



लोकनारायण सुवेदी

आइपिसिसीको प्रतिवेदनले रासायनिक मल, आणुवंशिक परिवर्तन गरिएका (जनेटेकल्ली मोडिफाइड-जिएम) र वर्णशंकर (हाइब्रिड) बिउवीजनको प्रयोग तथा सिँचाइ सुविधाका कारण विगतका तुलनामा खाद्यान्न उत्पादन बढे पनि अझै ठूलो जनसंख्याका लागि अपर्याप्त भएको औँल्याएको छ । प्रतिवेदनअनुसार सन् १९६० को तुलनामा हाल विश्वव्यापी खाद्य आपूर्ति ३० प्रतिशतले बढेको छ ।

सन् १९९० को तुलनामा अन्न उत्पादन १ सय १२ प्रतिशतभन्दा अधिकले बढे पनि हामीकहाँ उत्पादित खाद्यान्नले नपुगेर वार्षिक डेढ खर्ब रुपैयाँ बराबरको अन्न आयात गरिरहेका छौँ, यो निकै चिन्तालाग्दो विषय हो । कुल अन्नमध्ये विगत ३० वर्षमा धानको उत्पादन ६० प्रतिशतले, गहुँको उत्पादन २ सय १६ प्रतिशतले, मकै उत्पादन १ सय ४४ प्रतिशतले, कोदोको उत्पादन २९ प्रतिशतले बढेको छ । ०४६/४७ मा धानका कुल उत्पादन ३५ लाख २ हजार मेट्रिक टन रहेकोमा आव ०७५/७६ मा ५६ लाख १० हजार मेट्रिक टन पुग्यो । यसैगरी गहुँ उक्त वर्ष ८ लाख ३५ हजार टन उत्पादन भएकोमा आव ०७५/७६ मा २० लाख ३६ हजार टन पुग्यो । यस्तै, मकै ०४६/४७ मा १२ लाख ३० हजार टन उत्पादन भएकोमा आव ०७५/७६ मा २६ लाख ४४ हजार टन पुग्यो भने कोदो ०४६/४७ मा दुई लाख ३१ हजार टन उत्पादन भएकोमा आव ०७५/७६ मा तीन लाख टन पुग्यो । यसका बाबजुद हामीकहाँ उत्पादित खाद्यान्नले नपुगेर आर्थिक वर्ष ०७५/७६ मा ५१ अर्ब ८० करोड रुपैयाँ बराबरको अन्न आयात गऱ्यौँ, जसमध्ये ३२ अर्ब ५९ करोड रुपैयाँको चामल-धान र कनिका थियो । भन्सार विभागका तथ्यांक हेर्ने हो नेपालले सबै किसिमका सग्ला अन्न मात्र नभई तिनका कनिका, ढुटोसमेत आयात गरिरहेको देखिन्छ ।

यता निकै वर्षदेखि विश्वका अधिकांशजसो किसानहरूको संकटको एउटा ठूलो कारण उनीहरूको आत्मनिर्भरता र स्वाबलम्बनमा ठूलो स्खलन आउनु हो । यसले गर्दा उनीहरू कृषिको कुनै नयाँ प्रविधिलाई अपनाउनुका साथै रासायनिक कीटनाशक, झारपातनाशक, रासायनिक मलखाद, बाहिरी बिउवीजनका सामग्रीहरूमाथि अत्यधिक निर्भर बन्न गएका छन् र बनाइँदैछन्। उनीहरूले यो परनिर्भरतालाई यस अपेक्षाकासाथ स्वीकार गरेका थिए कि यसले उनीहरूलाई आर्थिक समृद्धिको दिशामा लैजानेछ । तर आरम्भका केही वर्षमा सफलताजस्तो देखिए पनि केही वर्षमै उनीहरूको भूमिको उर्वरतामाथि यी रासायनिक तत्वहरूको बढ्दो प्रतिकूल असर देखिन थाल्यो । अनि थप महँगो प्रविधिको बोझले हैरान तुल्याउन थाल्यो ।

विशेषगरी यसले गर्दा साना किसानहरू त ऋणको भारले ठूलो मारमा पर्दै गए। बालीनालीका नयाँ जातमा लाग्ने नयाँ किसिमका रोगहरू र कीराहरूले पनि अझ बढी उनीहरूलाई हैरान पार्दै लग्यो । एकातिर आधार भूतरूपमा किसानहरू यस्ता नकारात्मक अनुभवहरूबाट गुज्रिरहेका थिए भने त्यही ठुल्ठूला बहुराष्ट्रिय कम्पनीहरूको स्तरमा यस्ता प्रयासहरू चलिरहेका थिए कि किसानहरूमाथि आफ्नो नियन्त्रण अझ बढ्न जाओस्। यसरी नियन्त्रण बढाउने प्रमुख माध्यम र साधन कृषिका बिउवीजनलाई बनाइयो । किनभने बिउमाथिको नियन्त्रणले पूरै खेती-किसानीमाथि नियन्त्रण हुनसक्छ । अतः ठूला कम्पनीहरूले बिउको क्षेत्रमा आफ्नो नाफाका लागि खुट्टा पसार्न सुरु गरे । पहिला यो बिउवीजनको क्षेत्रमा धेरैजसो साना कम्पनीहरू नै देखापर्ने गर्दथे। तर अब विश्व स्तरका ठूला बहुराष्ट्रिय कम्पनीहरूले त्यस्ता ससाना कम्पनीहरूलाई किन्न सुरु गरे र सबैलाई मातहतमा लिए ।

जुन ठूला कम्पनीहरू यस क्षेत्रमा आए ती पहिलादेखि नै कृषि रसायनहरू, विशेषगरी विषादी कीटनाशहरू झारपात नाशकहरू आदिको उत्पादनमा लागेका थिए । यसरी अहिले बिउ उद्योग तथा कृषि रसायन उद्योगहरू एउटै किसिमका कम्पनीहरूको हातमा केन्द्रिकृत हुन थाल्यो । यसबाट के खतरा पैदा भयो भने कम्पनीले यस्ता बिउवीजन मात्र तयार गर्दछ जुन तिनले प्रयोग गरेका रासयनिकहरू अनुकूल हुन्छन् र यसरी तिनले बिउवीजनलाई आफ्ना रसायन बेच्ने माध्यम बनाउँदछन् । विभिन्न यस्ता ठूला कम्पनीलाई लाग्यो कि आफ्ना विभिन्न उद्देश्यहरू प्राप्त गर्नका लागि जस्तो कि बिउ बनाउने कुरा त्यो उनीहरूको रासायनिक बिक्रीको अनुकूल होस्, उनीहरूलाई जेनेटिक इन्जिनियरिङबाट धेरै मद्दत मिल्न सक्छ । अनि ती कम्पनीहरूले जेनेटिक इन्जिनियरिङमा ठूलो स्तरमा लगानी गर्न आरम्भ गर्दछन् । यही ' जेनेटिक इन्जिनियरिङबाट प्राप्त बालीनालीलाई संक्षेपमा जिएम(जेनेटिकल्ली मोडिफाइड) बालीनाली भनिन्छ ।

> केही समय पहिला भारतका एक प्रसिद्ध बैज्ञानिक प्रोफेसर पुष्प भार्गबको निधन भयो । उनी भारतको सेन्टर फर सेलेक्युलर एन्ड मोलिक्युलर बायोलोजी हैदराबादका संस्थापक निर्देश रहेका थिए र नेसनल नलेज कमिसनका उपाध्यक्ष पनि थिए । उनले यस्ता गम्भीर खतराकाप्रति खासगरी आणुवंशिक परिवर्तन गरिएका बालीनालीको खतराप्रति पटकपटक चेतावनी दिएका थिए तीप्रति बहुतै सावधान हुनु अत्यावश्यक छ भनेका थिए

जिएम बालीनालीको विरोधको एउटा प्रमुख आधार के हो भने ती बालीनालीहरू स्वास्थ्य तथा पर्यावरणका दृष्टिले सुरक्षित छैनन्, हुँदैनन् । अनि यसको असर जेनेटिक प्रदुषणको माध्यमले अन्य समान्य बालीनाली तथा बोटबिरुवामा पनि फैलिँदै जान सक्छ । यस कुरालाई 'इन्डिपेन्डेन्ट साइन्स प्यानेल'(स्वतन्त्र विज्ञान मञ्च) ले बहुत सारगर्भित किसिमले व्यक्त गरेको छ । यस प्यानलमा जम्मा भएका विश्वका विभिन्न देशका प्रतिष्ठित वैज्ञानिकहरू तथा विशेषज्ञहरूले जिएम बालीनालीका विषयमा महत्वपूर्ण दस्तावेज तयार गरेका छन्, जसको निष्कर्षमा उनीहरूले भनेका छन्, 'जिमए बालीनालीका बारेमा लाभको जुन कुरा गर्ने गरेको थियो त्यो प्राप्त हुन सकेन र भएन अनि यी बालीनालीले खेतबारीमा बढदो समस्या नै उपस्थित गरिरहेका छन् । अब यस बारेमा ब्यापक सहमति छ कि यस्ता बालीनालीको प्रसार हुँदा 'ट्रान्सजेनिक प्रदुषण'बाट बच्न सकिँदैन । अत जिएम बालीनाली तथा गैर जिएम बालीनालीको सहअस्तित्व हुन सक्तैन ।'

सबभन्दा महत्वपूर्ण कुरा अर्को के छ भने जिएम बालीनालीको सुरक्षा या सेफ्टी प्रमाणित हुन सकेको छैन । यसको विपरीत बरु यस्ता पर्याप्त प्रमाण प्राप्त भइसकेका छन्, जसबाट यी बालीनालीको सेफ्टी या सुरक्षासम्बन्धी गम्भीर चिन्ता उत्पन्न हुन्छ। यदि तिनको उपेक्षा गरियो भने स्वास्थ्य तथा पर्यावरणको गम्भीर क्षति हुनेछ जसको पूर्ति हुन सक्तैन, जसलाई पुनः ठीक पार्न सकिँदैन । जिएम बालीनालीलाई अब सिधै अस्वीकृत गरिनुपर्दछ। यस्तो बालीनालीसँग सम्बन्धित खतराको सबैभन्दा अहम् पक्ष कैयौँ वैज्ञानिकहरूले के बताएका छन् भने जुन खतरा पर्यावरमा फैलिनेछ त्यसमा हाम्रो नियन्त्रण रहन पाउने छैन अनि ठूलो दुष्परिणाम सम्मुख आउँदा हामीले यसको क्षतिपूर्ति गर्न सक्ने छैनौँ । जेनेटिक प्रदुषणको गम्भीरता पत्ता लाग्दा यसका कारणहरूको खोजी गरेर तिनलाई नियन्त्रित गर्न सकिन्छ तर जेनेटिक प्रदूषण जुन पर्यावरणमा फैलिसकेको हुन्छ त्यो हाम्रो निणन्त्रणबाट बाहिर हुन जान्छ ।

केही समय पहिला भारतका एक प्रसिद्ध वैज्ञानिक प्रोफेसर पुष्प भार्गवको निधन भयो। उनी भारतको सेन्टर फर सेलेक्यूलर एन्ड मोलिक्युलर बायोलोजी हैदराबादका संस्थापक निर्देशक रहेका थिए र नेसनल नलेज कमिसनका उपाध्यक्ष पनि थिए । उनले यस्ता गम्भीर खतराकाप्रति खासगरी जिए बालीनालीको खतराप्रति पटकपटक चेतावनी दिएका थिए तीप्रति बहुतै सावधानी बर्तिनु अत्यावश्यक छ भनेका थिए । भारतको सर्वोच्च अदालतले प्रो.पुष्प भार्गवलाई 'जेनेटिक इन्जिनियरिङ कमिटी'(जिइएसी)को कार्यमाथि निगरानी राख्नका लागि नियुक्त पनि गरेको थियो । जस्तो किसिमले जिइएसीले बिटी बैगुन(भन्टा) लाई हतारहतारमा स्वीकृत दिएको थियो डा.पुष्प भार्गवले त्यसलाई अनैतिक तथा एउटा बहुत गम्भीर गल्ती बताएका थिए । उनले जेनेटिक रूपले सम्बन्धित (जेनेटिकल्ली मोडिफाइड) अर्थात जिएम बालीनालीको एकदमै स्पष्टरूपले र तथ्यगत आधारमा एकदमै प्रखरतापूर्वक विरोध गरेका थिए । अनि अर्को कुरा जिए खाद्य पदार्थका बारेमा के पनि सिद्ध भइसकेको छ भने यसबाट मूसाहरूमा क्यान्सर हुने गर्दछ । त्यसै लेखमा उनले अझ स्पष्ट शब्दमा भनेका थिए कि यदि हामी विज्ञानका लागि प्रतिबद्ध छौँ भने तथा आफ्ना नागरिकहरूलाई स्वस्थ भोजन उपलब्ध गराउन प्रतिबद्ध छौँ भने हामीले जसरी जिएम भन्टामा प्रतिबन्ध लगाएका थियौँ त्यसरी नै हामीले जिएम सर्स्यौंमाथि पनि प्रतिबन्ध लगाइदिनु पर्दछ र सबै जिएम बालीनालीलाई 'हुन्न' भन्नुपर्दछ जस्तो कि युरोपेली संघका १७ देशहरूले भनेका छन् ।

भारतका ती विद्वान वैज्ञानिक भार्गवले एउटा अर्को लेख (७ अगस्ट २०१४)मा लेखेका थिए कि 'झन्डै पाँच सय अनुसन्धान तथा प्रकाशनहरूले जिएम बालीनालीको मानिस, अन्य जीवजन्तु तथा बोटबिरुवाको स्वास्थ्यमा हानिकरक असर हुने कुरा स्थापित गरेको छ । ती यस्ता वैज्ञानिकहरूको स्थापना हो जसको इमानदारीका बारेमा कुनै प्रश्न उठेको छैन' । वैज्ञानिक भार्गवले चेतावनी पनि दिएका थिए कि केही मुट्ठीभर शक्तिशाली व्यक्तिहरूद्वारा आफ्नो र बहुराष्ट्रिय कम्पनीहरूको हितलाई जेनेटिकरूपमा परिवर्तित(जिए) बालीनालीको माध्यमबाट अगाडि बढाउन चाहन्छन् भने त्यसबाट सावधान रहनुपर्दछ। यस्तो प्रयासको अन्तिम लक्ष कृषि तथा खाद्य उत्पादनमाथि तिनको पूर्ण नियन्त्रण स्थापना गर्नु नै हो भन्ने उनको ठोस निष्कर्ष थियो ।

# अभावमा गुज्रिँदै सांकेतिक विद्यालय

■ सुरेश आचार्य

सुर्खेत । सबै विद्यार्थी केही बोल्न नसक्ने र केही सुन्न नसक्ने छन् । जहाँ अन्य विद्यालयभन्दा फरक तरिकाले पढाउनुपर्छ । १० कक्षासम्मको विद्यालयमा ९६ जना विद्यार्थी छन् । विद्यालयमा अध्ययनरत सबै विद्यार्थीलाई सांकेतिक भाषामै पढाउनुपर्छ ।

त्यसैले पनि शिक्षकले हात र मुखको इशारा गरेर ती बालबालिकालाई अध्यापन गराउनुपर्छ । सुन्ने र बोल्ने क्षमता नभएका बालबालिकाको शैक्षिक केन्द्रका रूपमा रहेको विद्यालय हो, कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर स्थित सिद्ध बहिरा बाल स्कुल ।

विद्यालयमा कार्यरत १० शिक्षकमध्ये ६ जना विशेष शिक्षा परिषद्बाट नियुक्त भएका छन् भने विद्यालयमा चार जना हेरचाहकर्ता र तीन जना कार्यालय सहयोगी छन् । कुल ९६ जना अध्ययनरत विद्यालयमा ८१ जना बालबालिकाले आवासीय सुविधासहितको शिक्षा लिइरहेका छन् ।

विद्यालयमा विषयगत संकेत सामग्रीको अभावका कारण सुन्ने र बोल्ने क्षमता नभएका विद्यार्थीको पठनपाठनमा समस्या भइरहेको छ । 'साना कक्षामा सांकेतिक संकेत अभावले खासै समस्या हुँदैन,' विद्यालयका प्रधानाध्यापक चिन्तामणि कँडेलले भने, 'खासगरी पठनपाठनमा प्रयोग हुने सांकेतिक संकेत अभावले माथिल्लो कक्षाका विद्यार्थीहरू भने प्रभावित बन्ने गरेका छन् ।'

विद्यालयमा गणित, विज्ञान, वातावरण शिक्षालगायतका विषयमा शिक्षकलाई अध्यापनमा समस्या हुन्छ । कक्षा १० सम्म अध्यापन गराइरहेका शिक्षकहरूमा विषयगत संकेत अभाव देखिने प्रधानाध्यापक कँडेलले बताए । उनले भने, 'संकेत अभावले गर्दा शिक्षकले बुझाउन खोजेको शब्द विद्यार्थीले प्रष्ट बुझ्दैनन् अथवा बुझाइएको शब्दले अर्को अर्थ लगाउन सक्ने जोखिम हुन्छ । विषयगत संकेत अभावले विद्यार्थीलाई प्रष्ट अर्थ जनाउन शिक्षकलाई गाह्रो पर्छ ।'

प्रअ कँडेलका अनुसार नेपालमा विषयगत संकेतका लागि कार्यक्रम सञ्चालन तथा अध्ययन अनुसन्धान सुरु नभएको मात्र होइन, विषयगत संकेतका विषयमा नेपालमा पुस्तकहरूको पनि अभाव छ । अन्य मुलुकहरूमा विषयगत संकेतहरूको व्यवस्था गरिएको भए पनि नेपालमा भने अन्य मुलुकको संकेतले काम गर्दैन ।

'पुराना शिक्षकलाई विज्ञान विषय अध्यापन गराउँदा समस्या उत्पन्न हुन्छ । यस विषयमा हामी शिक्षकहरूले प्रयास पनि गरेका छौँ,' उनले भने, 'सांकेतिक भाषाका लागि तालिम सञ्चालन गरेका थियौँ । शिक्षकहरूलाई विषयगत संकेतका लागि थप तालिमको आवश्यक छ ।'

प्रअ कँडेलले सुन्न र बोल्न नसक्ने बालबालिकाको शैक्षिक केन्द्रका रूपमा स्थापित विद्यालय आफैँले भने सधैँ अभाव खेप्नुपरेको बताए । २०३७ सालमा स्थापना भएको यस विद्यालयको भवन जीर्ण छ । कक्षा कोठा पनि पर्याप्त छैन भने यहाँ खेल मैदान, पाठ्यपुस्तक, शैक्षिक सामग्री र शिक्षकको पनि अभाव छ । उचित स्रोतसाधन र अपर्याप्त शिक्षक दरबन्दीका कारण विद्यालयको शैक्षिकस्तर माथि उठाउन समस्या भएको प्रअ कँडेलले बताए ।

यस विद्यालयमा प्राथमिक तहमा एक, निम्न माध्यमिक तहमा चार र माध्यमिक तहमा एक जना गरी ६ जनाको दरबन्दी छ । विद्यालयमा कम्तीमा नौ जना शिक्षक आवश्यक रहेको प्रअ कँडेलले सुनाए । उनी अन्य विद्यालयका शिक्षकसरह यहाँका शिक्षकलाई सेवासुविधा नभएको बताउँछन् ।

वीरेन्द्रनगरमा रहेको यो विद्यालय अहिले सुन्ने र बोल्ने क्षमता नभएका बालबालिका अध्ययन गर्न एउटा मात्र विद्यालयका रूपमा छ । सुर्खेतका बड्डीचौर, मालारानी र गुमीमा रहेको यस्ता प्रकृतिका विद्यालयहरू गाभेर यही विद्यालयमा ल्याइएको हो । अहिले पनि यो विद्यालय संघीय सरकारकै स्वामित्वमा रहेको छ ।

विद्यालयको नौ कोठे भवनभित्र एउटा कोठामा कार्यालय सञ्चालनमा छ भने बाँकी कोठामा पठनपाठन हुने गर्दछ । 'पानी पर्दा सबै कक्षाहरू चुहिएर पोखरी बन्छन्, गर्मीमा सिधै सूर्यको प्रकाश कोठाभित्रै पर्छ,' प्रअ कँडेलले भने, 'शौचालय जीर्ण अवस्थामा छ भने खानेपानीको व्यवस्था नहुँदा विद्यार्थीलाई पसलबाट किनेर ल्याउनु पर्दछ ।'

विशेष शिक्षामार्फत सञ्चालन भएको विद्यालयमा बहिरा विद्यार्थीलाई पढाउने शैक्षिक सामग्री नहुँदा अध्यापनमा समस्या परेको विद्यालयका अंग्रेजी शिक्षक रमेशकुमार कार्कीले बताए । सांकेतिक भाषाका लागि आवश्यक सामग्री नहुँदा पठनपाठनमा समस्या रहेको उनले सुनाए । उनका अनुसार नेपालीमा अनुवाद गरी फेरि सांकेतिकरूपमा बुझाउन गाह्रो हुन्छ । सम्बन्धित विभागले नै पाठ्यक्रमअनुसार सांकेतिक संकेत चिन्हको विकास तथा अनुसन्धानमा ध्यान दिनुपर्ने उनको सुझाव छ ।

श्रवण शक्ति नभएका विद्यार्थीका लागि अध्ययन गर्ने प्रदेशकै एकमात्र विद्यालय भएकाले पनि यहाँ विद्यार्थी आउनेक्रम बढ्दो छ । आर्थिक अवस्था र पूर्वाधार नहुँदा विद्यालयमा दिनहुँ समस्या हुने गरेको छ । प्रधानाध्यापक कँडेलका अनुसार वीरेन्द्रनगर नगरपालिकाले गत आर्थिक वर्षमा नयाँ भवनका लागि दिएको ५० लाख रुपैयाँले अहिले भवन बनिरहेको छ ।

जीर्ण अवस्थामा रहेको प्रदेशकै एकमात्र बहिरा स्कुलको पूर्वाधार तथा शैक्षिक गुणस्तर विकासमा कुनै जनप्रतिनिधिको ध्यान नपुगेको अभिभावकहरूको गुनासो छ । सांकेतिक भाषाको पठनपाठन हुने यस विद्यालयको पहिचान जोगाउन र विद्यालयको शैक्षिकस्तर सुधारका लागि राज्यले ध्यान दिनुपर्नेमा स्थानीय अभिभावक लक्ष्मी उपाध्यायले जोड दिइन् । उनले भनिन्, 'राज्यले नै ध्यान नदिँदा बालबालिकाहरूको पठनपाठन प्रभावित भइरहेको छ ।'

विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि शैक्षिक सामग्री खरिद गर्न सरकारले प्रतिविद्यार्थी मासिक पाँच सय रुपैयाँ उपलब्ध गराउँदै आएको छ । विद्यालयमा हाल सुर्खेत, दैलेख, कालिकोट, हुम्ला, डोल्पा, जाजरकोट, मुगु, सल्यान, बाँके, बर्दिया र कैलालीका विद्यार्थी अध्ययनरत छन् ।

कुल ९६ जना विद्यार्थी अध्ययनरत सिद्ध बहिरा बाल स्कुलमा ४६ छात्रा र ५० छात्र रहेका छन् । यहाँ पाँच छात्र र नौ छात्रा गरी १४ दलित विद्यार्थी रहेका छन् । विद्यालयमा ८१ जना आवासीयरूपमै अध्ययन गरिरहेका छन् भने १५ जना घरबाटै आवतजावत गर्दै आएका छन् । विद्यालयमा सबैभन्दा धेरै दैलेख जिल्लाका ३४ जना विद्यार्थी अध्ययनरत छन् भने सुर्खेतका २८, कालिकोटका १५, हुम्लाका १५, जाजरकोटका चार, कैलालीका तीन, अछामका तीन, डोल्पाका दुई तथा मुगु र डोटीका एक/एक जना विद्यार्थी अध्ययनरत छन् ।


**Malaysia मा रोजगार** Multi Choice (M) Sdn. Bhd.

पुनः विज्ञापन । पूर्व स्वीकृती मितिः २०७९/०५/१२ चलानी नं. ६०१८६२८२ LTNo. : 270382

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Workers | 18 | साधारण | 1500 | ४४,५१६।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

अन्तरवार्ता २०७९ मंसिर २७ गते (13 Dec, 2022) यस प्रा. लि. को कार्यालय सामाखुसी, काठमाडौमा हुनेछ ।

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**WIN RECRUITMENT PVT. LTD.** Gov. Lic. No. 1383/074/75

Samakhusi, Kathmandu, Tel.: 01-4965386, 9801112250, 9801112262, 9801112267



## Zero Cost Recruitment for Malaysia
## मलेसियामा शुन्य लागतमा रोजगार

Free Visa, Free Ticket, Free Service Charge, Free Medical and Free land transportation/Lodging/meals (from hometown to Airport)
♦Applicable only for Interview selected candidates.

फ्रि भिषा, फ्रि टिकट, फ्रि सेवा शुल्क, फ्रि मेडिकल र फ्रि बस सेवा/आवस/खाना (घरदेखि एयरपोर्ट सम्म) ♦अन्तरवार्ता छनौट भएको कामदारको लागि मात्र ।

रोजगारदाता कम्पनी : साउथ आइसल्याण्ड गार्मेन्ट एस.डि.एन. बि.एच.डी.
Company Name: South Island Garment Sdn. Bhd.

पूर्व स्वीकृती मितिः २०७९/०८/१९ चलानी नं. ६०१९२७१३ LT No. : 277119
Pre-approval Date: 2022/12/05 Dispatch No.: 60192713 LT. 277119

| S. N. क्र. स. | Category कामदारको पद | QTY. माग संख्या पुरुष Male | QTY. महिला Female | Qualification योग्यता | Salary मासिक तलब RM | Salary NRS. | Working Hrs./Day प्रतिदिन काम गर्ने घण्टा | Working days /week हप्तामा काम गर्ने दिन | Yearly Holidays/Over Time Facility बार्षिक बिदा/ओभर टाईम सुविधा | Food खाना सुविधा | Accomodation बस्ने सुविधा | Contract Period करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. १. | Factory Worker (Manufacturing Sec.) उत्पादक कामदार | 160 १६० | 00 00 | Experienced in the related field. सम्बन्धित काममा दक्ष | 1500 १५०० | 44,429/- ४४,४२९।- | 8 hours a day ८ घण्टा | 6 days a week ६ दिन | as per company rule क. नि. अनुसार | No छैन | Provided by company रोजगारदाता कम्पनीले दिनेछ | 2 years २ वर्ष |

| Pre-Medical Expenses In Nepal (स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Medical Expenses In Malaysia (बिदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Nepal (स्वदेशमा गरिने बिमा खर्च कसले गर्ने र कति लाग्ने) | Insurance Expenses In Malaysia (रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने) | Ticket Expenses (हवाई टिकट कसले दिने र कति लाग्ने) | Visa Expenses (भिषा शुल्क कसले दिने र कति लाग्ने) | Welfare Fund (कल्याणकारी कोष) | Orientation Charge (अभिमुखीकरण शुल्क) | Recruitment Agency Service Charge (सेवा शुल्क) |
|---|---|---|---|---|---|---|---|---|
| By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (रोजगारदाता कम्पनीले) | By Company (हुने, रोजगारदाता कम्पनीले) | Provided By The Company Free of Cost (निःशूल्क रोजगारदाता कम्पनीले) | | Npr. 1500 By Company (ने.रु. १५००/- रोजगारदाता कम्पनीले) | Npr. 700 By Company (ने.रु. ७००/- रोजगारदाता कम्पनीले) | Provide By The Company (रोजगारदाता कम्पनीले दिने) |

**South Island Garment Sdn. Bhd.** dose not impose any Recruitment / Placement Fee for this Employment. साउथ आइसल्याण्ड गार्मेन्ट कम्पनी मलेसियाले रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।

Note - नोट :

- ♦ Applicants are requested to submit their application directly without using any mediators. Applicant's (Family) members/Relatives/Friends) are not required to make any payments for this Employment. (आवेदकलाई कुनै पनि मध्यस्तकर्ताको प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौं । आवेदक (परिवारको सदस्य/आफन्त/साथीभाई) ले यस रोजगारको लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।)
- ♦ We will not discriminate Workers or potential workers in any way (हामी कुनै पनि हिसाबले कामदारहरु वा सम्भाव्य कामदारहरु सँग भेदभाव गर्ने छैनौं ।)
- ♦ No one is allowed to take or give any gifts or bribes from suppliers and customers. (उपहार वा घुस आपुर्तिकर्ता र ग्राहकहरुबाट कोही कसैलाई पनि लिन वा दिन अनुमति छैन ।)
- ♦ We ensure that no worker is required to pay force deposit, bond, deductions from wages to cover recruitment fees. (हामी सुनिश्चित गर्छौं कि भर्ना शुल्क उठाउनको लागि कुनै पनि निक्षेप, ऋणपत्र वा ज्याला कटौती गराउन बाध्य गराउने छैन ।)

**Interview will be held on 13 & 14 Dec, 2022 in Own Office, Basundhara, Kathmandu.**
**अन्तरवार्ता २०७९ मंसिर २७ र २८ गते यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौमा हुनेछ ।**

नाज ओभरसिज प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । वैदेशिक रोजगारकमा जाने कामदारहरुबाट नाज ओभरसिजले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Naaz Overseas Pvt. Ltd. does not have any branch or mediator representative. Naaz Overseas is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.

**Information by Department of foreign employment:** 1. Take note of the number and address of embassy in which conutry you are heading for so that they help you if incase you get problems and difficulties. 2. As mentioned in this advertisement (information) there is no cost other than pre-medical, so please do not pay anyone. 3. Please take orientation class compulsory before the departure. 4. Please do the sing on the agreement paper after reding carefully about the company, it's address facilities, salary and others terms and condition. And keep safe one copy yourselves. 5. Please use Kathmandu international airport only while departure, otherwise you may cheated. 6. If you want do know more about this advertisement then you can please contact nepal labour & employment department in Buddhanagar, New Baneshwor.

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारीः** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस बिज्ञापन (सूचना) मा उल्लेख भए अनुसार प्रि-मेडिकल बाहेक अन्य कुनै खर्च नलाग्ने हुँदा कहिकतै कोहि कसैलाई रकम नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

**NAAZ OVERSEAS PVT. LTD.** (SANAZ OVERSEAS PVT. LTD.)
Gov. Lic. No. 1148/073/74
Basundhara, Bikash Nagar Margh, Kathmandu, Tel.: 01-5917495, 5917496
HOTLINE NO : 9801575557 Whatsapp No : 9801077799
Email : contact@naaznepal.com | For Apply kindly visit : www.naaznepal.com


## Prasauni Rural Municipality
### Office of The Rural Municipal Executive
**Prasauni, Bara,**
**Madhesh Pradesh, Nepal**

## Invitation for Bids

**Date of publication: 2079/08/20 (2022-Dec-06)**

1. The **Office of The Rural Municipal Executive, Prasauni** has allocated funds towards the cost of **Construction of RCC Concrete Road & Drainage & Supply And Delivery of ladies Bicycle for below mentioned contract**. Bidding is open to all eligible Nepalese bidders.
2. **Office of The Rural Municipal Executive, Prasauni,** invites electronic bids from eligible bidders under National Competitive Bidding/Sealed Quotation procedures.
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **Office of The Rural Municipal Executive, Bara, , E-mail:prasaunigaupalika1@gmail.com**
4. **According to amended public procurement act (PPA-69 amendment) and public procurement regulation, only e-Bidding is applicable for this contract. No Hardcopy submission is applicable.**
5. Bidder who chooses to submit their bid can download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified in this notice) of bidding document in the Project's Office **revenue account** as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher of **non-refundable fee of** bid shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: **Himalayan Bank Ltd., Prasauni, Bara**
   Name of Office: **Office Of The Rural Municipal Executive,Prasauni, Bara**
   *Account Name:-* **GA-1.1 Aantrik Rajaswa Khata Prasauni**
   Office Account no.: **05307682940019**
6. Pre-bid meeting shall be held at **Office Of The Rural Municipal Executive, Prasauni,Bara** at ***2079-09-05 (2022-12-20),14:00 Hrs for bid***-**PRM/NCB/W/2079/080/02.**
7. Electronic bids must be submitted to the **Office Of The Rural Municipal Executive, Prasauni,Bara** through PPMO website www.bolpatra.gov.np/egp on or before ***24:00 Hrs*** on ***2079/09/20 (2023-01-04) for bid***-**PRM/NCB/W/2079/080/02 & 2079/09/05 (2022-12-20)** ***for bid***-**PRM/SQ/G/2079/080/03** Bids received after this deadline will be rejected.
8. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***14:00Hrs, 2079/09/21 (2023-01-05) for bid***-**PRM/NCB/W/2079/080/02 & 2079/09/06 (2022-12-21)** ***for bid***-**PRM/SQ/G/2079/080/03** at the **Office Of The Rural Municipal Executive, Prasauni,Bara**.Bids must be valid for a period of ***90 Days*** after bid opening and must be accompanied by a bid security & scanned copy of the bid security in .pdf format, amounting to a minimum of **rupees as mentioned below** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. ***90 & 120 Days***).
9. If the last date of submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
10. The employer reserves the right to accept or reject,wholly or partly any or all the bids without assigning any reason,whatsoever.

| S. No | Contract ID No. | Project Name | Estimated Amount With Vat (Nrs.) | Bid security (Nrs.) | Bid Fee (Nrs.) |
|---|---|---|---|---|---|
| 1 | PRM/NCB/W/2079/080/02 | Construction of Rcc Concrete Road & Drainage-Dih Toll Dekhi Hengaimai Mandir Hudai Belahiya Bajar Samm,Ward No.6 | 1,36,37,931.04 | 2,50,000.00 | 3000.00 |
| 2 | PRM/SQ/G/2079/080/03 | Supply & Delivery Of Ladies BiCycle. | 24,32,325.00 | 60,000.00 | 1000.00 |

# किम्फमा ३० देशका ६० चलचित्र

■ सौर्य समाचार

काठमाडौं । काठमाडौं अन्तर्राष्ट्रिय पर्वतीय चलचित्र महोत्सव (किम्फ) को बीसौं संस्करण हुनेभएको छ । हिमाल एसोसिएसनले 'दिगो आरोहण' मूल नाराका साथ महोत्सव गर्न लागेको हो । काठमाडौं महानगरपालिकाको सहआयोजनामा किम्फको यो संस्करण मंसिर २२ गतेदेखि २६ गतेसम्म राष्ट्रिय सभागृह र पर्यटन बोर्डमा हुने जनाएको छ । जलवायु परिवर्तन र वातावरणीय संकटले हिमाल आरोहणमा ल्याएको चुनौतीलाई लक्ष्य गर्दै नारा तय गरिएको महोत्सव निर्देशक रम्यता लिम्बूले बताइन् । उनले भनिन्, 'यसपटक भौतिकरुपमा महोत्सव आयोजना गर्न पाउँदा उत्साहित छौं । चलचित्र स्क्रिनिङबाहेक नेपाली चलचित्रको भविष्य, चलचित्रमा तन्नेरी पुस्ता र बालबालिकाजस्ता विषयमा सामूहिक छलफलसमेत हुँदैछ ।'


उनले किम्फमा ३० मुलुकका ६० भन्दा बढी चलचित्र प्रदर्शन गर्ने जानकारी दिइन् । आयोजकका अनुसार महोत्सवमा २० भन्दा बढी अन्तर्राष्ट्रिय चलचित्र निर्माता सहभागी हुने छन् । २६ मंसिरसम्म हुने महोत्सव 'बाघको बङ्गारा' को सुरुवात्सँगै हुँदैछ । मह सिकारीको कथाबारेको चलचित्र 'प्रिमियर' गर्न पाउँदा आफूहरु उत्साहित भएको निर्मात्री विद्या चापागाईंले जानकारी दिइन् ।

उक्त चलचित्रमा उत्तरी जाजरकोटवासीले लामो यात्रापछि अक्करे भीरमा चढेर गर्ने मह सिकार गरेको कथा उधिनिएको छ । गैरआख्यान श्रेणीको यो चलचित्रले मह सिकारका लागि हिमाली भेगका बासिन्दाले गर्ने संघर्षलाई प्रस्तुत गरेको गर्छ । पहिलो दिन भारतीय निर्देशक एम गनीले निर्देशन गरेको चलचित्र 'मट्टोकी साइकिल' को विशेष प्रदर्शन गरिने जनाइएको छ । महोत्सवबाहेक यसपटक विभिन्न मुलुकका पर्वतीय चलचित्र महोत्सवको अलायन्स (आइएएमएफ) को साधारणसभासमेत काठमाडौंमा हुनेछ ।

उक्त संगठनका २८ सदस्य राष्ट्रको सहभागिता सभामा हुने जानकारी किम्फले दिएको छ । महोत्सव अस्ट्रेलियाली प्याराग्लाइडरले पोलियो रोगविरुद्ध सहायता जुटाउने उद्देश्यले सगरमाथाबाट प्याराग्लाइड गर्ने कथावस्तुको चलचित्र 'फ्लाइ फ्रम एभरेस्ट' बाट समापन हुनेछ । जर्मन लेखक तथा निर्माता माइकल पज, नेपाली चलचित्र निर्माता तथा एनिमेटेड अगुवा किरणभक्त जोशी र दक्षिण कोरियाको अल्जु पर्वतीय उक्त महोत्सवका प्रोग्रामर जिन्ना लीले किम्फमा निर्णायकको भूमिका निर्वाह गर्नेछन् । एसोसिएसनले किम्फमा प्रमुख वक्ताको रुपमा निर्देशक तथा अभिनेता प्रकाश झा आउने आयोजकले जनाएको छ । यस्तै, झा अभिनीत तथा एम गनीले निर्देशन गरेको चलचित्र 'मट्टोकी साइकल' विशेष प्रदर्शन हुँदैछ । सन् २००० देखि थालिएको किम्फमा पर्वत, त्यहाँका बासिन्दा, संस्कृति र वातावरणमाथि बनेका चलचित्र प्रदर्शन गरिँदै आएको छ । कोरोना महामारीको कारण किम्फका १८औं र १९औं संस्करण भर्चुअल माध्यममार्फत भएको थियो । महोत्सवमा डकुमेन्ट्री, फिक्सन, सर्ट फिल्म, एनिमेसन र प्रयोगात्मक चलचित्र देखाइन्छ । महोत्सवमा अन्तर्राष्ट्रियतर्फ प्रथम, दोस्रो र तेस्रो हुने चलचित्रले क्रमशः दुई लाख, एक लाख र ५० हजार रुपैयाँ पुरस्कार पाउने छन् । यस्तै, नेपाली पानोरामाअन्तर्गत फिक्सन र डकुमेन्ट्री विधामा उत्कृष्ट ठहरिएका चलचित्रलाई एक लाख र ७५ हजार रुपैयाँ नगद पुरस्कार दिइने आयोजकले जनाएको छ ।

यसैगरी, इसिमोड सदस्य मुलुकबाट छानिएको उत्कृष्ट चलचित्रले 'बेस्ट इसिमोड माउण्टेन फिल्म अवार्ड' सहित एक हजार अमेरिकी डलर पाउने छ । त्यस्तै, महोत्सवमा अत्यधिक दर्शकको मत पाउने चलचित्रले 'किम्फ अडियन्स अवार्ड' मार्फत ५० हजार पाउने छ । आयोजकका अनुसार महोत्सवमा चलचित्रसम्बन्धी गोष्ठी, प्रवचन, छलफल एवं फोटो प्रदर्शनीसमेत हुनेछ ।






# गुञ्जिए ज्ञवाली

■ सौर्य समाचार



काठमाडौं । 'अविरल जनसाहित्य यात्रा' को ७३औं शृंखलामा भैरहवाका प्रगतिवादी कवि रुद्र ज्ञवाली एक दर्जन कवितासहित गुञ्जिएका छन् । बागबजार स्थित राष्ट्रिय जनसांस्कृतिक महासङ्घको कक्षमा भएको कार्यक्रमको आयोजना राष्ट्रिय जनसाहित्यिक सङ्घ, नेपालले गरेको हो । राष्ट्रिय जनसाहित्यिक सङ्घका महासचिव प्रकाश सिलवालले कवि ज्ञवालीको व्यक्तित्व तथा कृतित्वमाथि चर्चा गरेका थिए । कवि ज्ञवालीको जन्म वि.सं.२०२० कार्तिक १ गते गुल्मीको कोलौदी रुरुक्षेत्र २ मा माता टीकादेवी ज्ञवाली र पिता रुक्माङ्गत ज्ञवालीका सुपुत्रका भएको थियो । सिलवालले निजामति सेवाबाट अवकाश प्राप्त ज्ञवाली २०४४ सालमा पत्रशैलीको कथा प्रकाशित गरेर नेपाली साहित्यमा प्रवेश गरेको जनाए । ज्ञवालीले हालसम्म 'निर्वासन' कथासङ्ग्रह २०५८, 'सपना फुल्ने रातहरू' गजलसङ्ग्रह २०६१, 'विवरुका कथाहरू' कथासङ्ग्रह सहप्रकाशन २०६६, 'उन्मुक्त आकाश' मुक्तकसङ्ग्रह २०६६, 'असल साथी' बालकथासङ्ग्रह २०७२, 'पात्रहरू' कथासङ्ग्रह २०७३, 'रुझेर अग्निवर्षामा' मुक्तकसङ्ग्रह २०७५ जस्ता कृतिहरू प्रकाशित गरेका छन् । यस्तै, उनले 'दियालो', 'शान्तिनारायण स्रष्टा र सिर्जना' लगायतका कृतिको सम्पादनसमेत गरेका छन् । उनका विभिन्नपत्रपत्रिकाकामाफुटकररूपमा लेख, निबन्ध, कथा, लघुकथा, बालकथा, हाइकु, कविता, गजल प्रकाशित छन् ।

कार्यक्रमको अध्यक्षता गर्दै संघका अध्यक्ष राम विनयले छ वर्षदेखि निरन्तर प्रगतिवादी स्रष्टाका सिर्जना वाचन गर्दै आएको बताए । उनले कविको व्यक्तित्व तथा कृतित्वका बारेमा चर्चा गर्दै एक दर्जन कविता, गीत, गजल सुन्ने र ती रचनाको समालोचना गर्ने कार्यक्रमले स्रष्टालाई र समग्र नेपाली साहित्यमा केही न केही योगदान अवश्य पुग्छ भन्ने ठानेर थालनी गरिएको जानकारी दिए । उनले भने, 'साहित्यमा पनि वर्गीय प्रेम हुन्छ र विनाभेदभाव सबैलाई समान अवसर प्रदान गर्दै सिर्जनामा रहेका कमीकमजोरी सुधार्ने उद्देश्यका साथ वाचित रचनामाथि विशेषज्ञ व्यक्तित्वद्वारा समीक्षा गर्ने प्रचलन रहेको छ ।'

कवि ज्ञवालीले विगत छ वर्षदेखि अविरल सञ्चालन भइरहेको यो विशेष महत्त्वको विशेष समारोहमा आफू प्रस्तुत हुने अवसर पाएकोमा खुसी गरे । उनले भने, 'मैले कविता सिर्जना गरेको चाहिँ स्पष्टतः सामाजिक रूपान्तरण अभियानलाई सघाउनका लागि हो । लेखनको उद्देश्यमा भने म आफू अत्यन्त प्रस्ट रहेको छु । म हराएको मान्छेलाई खोजी गरेर यहाँसमम बोलाई आफ्ना एक दर्जन कविता वाचन गर्ने अवसर आज पाउँदा मलाई आफ्नो मूल्याङ्कन अरूले गर्दारहेछन् भन्ने लागेको छ ।' उनले भुजङ्गप्रयात छन्दको 'नेपाल बन्दना' शीर्षकको, इन्द्रबज्रा छन्दको 'जीवनकथा' शीर्षकको, अनुष्टुप छन्दको 'द्वन्द्वबीज' शीर्षकको, अनुष्टुप छन्दकै 'आमा हाम्री वसुन्धरा' शीर्षकको र शार्दूलविक्रीडित छन्दको 'नेपाल जप्दै मरूँ' कविता वाचन गरे । उनका अनुष्टुप छन्दको 'अभेध्य दुर्ग' शीर्षकको र शार्दूलविक्रीडित छन्दको 'विषवृक्ष' शीर्षकको कविता अत्यन्त सुमधुर लयमा देबु लुइँटेलले वाचन गरिन् भने अनुराधा ढकालले शार्दूलविक्रीडित छन्दको 'प्रश्नको पिरामिड' शीर्षकको, ज्ञानु विद्रोहीले अनुष्टुप छन्दको 'आज नेपाल बन्द छ' शीर्षकको, रमेश पोखरेलले शार्दूलविक्रीडित छन्दकै 'के हुन्छ यो विश्वमा' शीर्षकको र रूपक अलङ्कारले भुजङ्गप्रयात छन्दको 'यो देशलाई' शीर्षकको र शार्दूलविक्रीडित छन्दको 'फर्किन्न बालापन' शीर्षकको कविता वाचन गरेका थिए ।

वाचित कवितामाथि प्रा.डा.रामप्रसाद ज्ञवालीले टिप्पणी गर्दै कवि रुद्रका कवितामा देशप्रतिको अद्भूत प्रेम अभिव्यक्त भएको बताए । उनले कवितामा राष्ट्रिय गौरवगान गाइएको, अनागरिकलाई सहज नागरिकता दिने मनसाय राखी ल्याइएको विधेयकको विरोध गरिएको जिकिर गरे । उनले भने, 'कवितामा देशको चिन्ता रहेको छ, सशक्त व्यङ्ग्यचेतना अभिव्यक्त भएको छ, प्रकृतिको मूल स्वभाव परिवर्तन नहुने भन्दै प्रकृतिलाई गुरु मानिएको छ । देश बिग्रिन लागेको चिन्ता र पीडा कवितामा अभिव्यक्त भएको छ । कवितामा चेतनाको सम्प्रेषणका माध्यमबाट कविले नागरिक दायित्वसमेत निर्वाह गरेको देखिन्छ ।' डा.ज्ञवालीले जीवन भनेको गति हो भन्ने मान्यतालाई आत्मसात् गर्दै कवितामा प्रखर वर्गीय चेतना अभिव्यक्त भएको सुनाए । उनले भने, 'श्रमजीवी वर्गको पीडाको उदात्तीकरण भएको, श्रमको सम्मानका पक्षमा वकालत गरिएको, श्रमका लागि निर्देश गर्ने मानवीय चेतना उजागर गरिएको छ । बुद्धि पुऱ्याएर गरिएको परिश्रमको फल मात्र मिठो हुन्छ भन्ने मान्यतालाई पनि कविताले उजागर गरेको पाइन्छ ।' उनले कवितामा संस्कृतिका, धर्मका नाममा सिर्जना गरिएका कुरीतिप्रति विरोध गरिएको जिकिर गर्दै समाजमा द्वन्द्व किन हुन्छ भन्ने कारण उजागर गरिएको बताए । डा.ज्ञवालीले भने, 'कवितामा सुबोध्य लेखन पाइन्छ भने यथार्थवादी समाजबोध, समस्यापूर्तिको शैली, युगीन जीवनबोध स्पष्टरूपमा देखा पर्छ । आशय ठिक हुँदाहुँदै पनि स्रष्टाले शब्दप्रयोगमा ध्यान दिनु भने आवश्यक हुन्छ । कवि हुनु भनेको जिम्मेवार हुनु हो र कविताको सार्थकता पाठकमा हुन्छ । सम्प्रेष्य भएन भने कविता हुँदैन ।' महासङ्घका अध्यक्ष प्रेमनाथ अधिकारीले अविरल जनसाहित्य यात्राको यो अभियान कला, साहित्यका माध्यमबाट सामाजिक रूपान्तरणको अभियान भएको बताए । उनले सिर्जनाका माध्यमबाट सशक्त वैचारिक दृष्टिकोण सम्प्रेषण गर्ने र सामाजिक रूपान्तरण अभियानलाई सघाउने उद्देश्यअनुसार कार्यक्रम गरिएको बताए । प्रमुख अतिथि शान्ता मानवीले कार्यक्रम समारोह सशक्त, सुन्दर र महत्वपूर्ण रहेको बताइन् । उनले कवि रुद्रका सुन्दर कवितामा जीवन, राष्ट्रियता, नेतृत्व, सरकार, जनता, कार्यकर्ता, समाज आदि सबैका सरोकारका विषय समेटिएका सुनाइन् । उनले राजनीतिलाई साहित्यले निर्देश गर्ने हुँदा स्रष्टा जहिल्यै सचेत र जिम्मेवार हुनुपर्दछ भन्ने धारणा राखिन् ।

# सकियो नाटक महोत्सव

■ सौर्य समाचार



काठमाडौं । दोस्रो संस्करणको 'नेपाल अन्तर्राष्ट्रिय नाट्य महोत्सव २०७९ (निटफेस्ट २०२२)' सम्पन्न भएको छ । गएको मंसिर ९ गतेदेखि थापागाउँस्थित मण्डला नाटकघरमा महोत्सव आयोजना गरिएको थियो । अर्थमन्त्री जनार्दन शर्माले महोत्सव समापन समारोहलाई सम्बोधन गर्दै भने, 'सरकारले आवश्यक सहयोग गर्न नसकेको मैले महसुस गरेको छु । मेरो प्रयास योजना र नीतिगत तहमै सहयोग गर्ने रहनेछ ।'

उनले मण्डलालाई कलेजको रूपमा सञ्चालन गर्ने तयारीलाई समेत सघाउने जानकारी दिए । 'सामाजिक रुपान्तरणका लागि रङ्गमञ्चः विविधताको उत्सव' भन्ने नाराका साथ सुरु भएको महोत्सवमा १२ देशको १८ नाटक मञ्चन हुनुका साथै विभिन्न कार्यशाला, अन्तर्क्रिया, मास्टरक्लास पनि गरिएको थियो । समापन कार्यक्रममा नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका उपकुलपति हरिहर शर्मा लगायतका रंगकर्मीको सहभागिता रहेको थियो । महोत्सवका निर्देशक सिर्जना सुब्बाले महोत्सवले रङ्गमञ्चलाई नयाँ ऊर्जा दिन सकेको बताए । समापनका दिन शनिबार 'रङ्गमञ्च अभिनय र चलचित्र अभिनयका फरक आयाम' शीर्षकमा छलफल भएको थियो । आयोजक मण्डला थिएटरको 'कुभिण्डोको कथा' को प्रिमियर मञ्चन भएको थियो ।

# डब्बुको नयाँ गीत 'दुर सागर'

■ सौर्य समाचार

काठमाडौं । गीतकार डब्बु क्षत्रीको नयाँ गीत 'दुर सागर' को भिडियो सार्वजनिक भएको छ । बुढासुब्बा डिजिटलबाट सार्वजनिक गरिएको गीतमा गायक तथा संगीतकार राज सागर स्वर तथा संगीत रहेको छ । यो झरी शृंखलाको अर्को नयाँ गीत भएको गीतकार क्षत्रीले बताए । उनको यसअघि 'झरी' शृंखलाअन्तर्गत गजलसंग्रह झरी नै आएको छ । यसबाहेक उनका अरु पनि झरीसम्बन्धी गीत छन् । गीतकार क्षत्रीले हरेक वर्ष झरीसम्बन्धी गीत ल्याउने गरेको र २०७९ सालको लागि आफूले 'झरी' शृंखलाको नयाँ गीत ल्याएको बताए ।

भ्वाइस अफ नेपाल स्टुडियोमा रेकर्ड गरिएको यो गीतलाई दीप घतानीले रेकर्ड तथा मिक्सिङ गरेका हुन् । जसमा शाहस शाक्यको संगीत संयोजन रहेको छ । पोखराका विभिन्न रमणीय स्थलमा छायांकन गरिएको गीतको भिडियोमा प्रेममा धोका खाएर मद्यपानको लतमा लागेकी युवतीले आफ्नो पूर्वप्रेमी र उसको प्रेमिकासँग लिएको बदलाको कथालाई प्रस्तुत गरिएको छ ।

नशाले खराब परिणाम दिन्छ भन्ने सन्देश यो गीतको भिडियोले दिएको छ । भिडियोमा गायिका तथा मोडल सरिता भारतीसँगै मोडल मिलन दाहाल, सृष्टि कडरिया, आकाश दाहाल र निश्चलविक्रम पौडेलको अभिनय छ । मिलन शंकरको छायांकन रहेको गीतको भिडियोलाई वीरेन्द्र भाट 'बिपिन' ले सम्पादन तथा रंग संयोजन गरेका हुन् ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना ।

**तेस्रो पटक प्रकाशित मिति : २०७९/०८/२०**

यस कम्पनीको मिती २०७९/०६/०९ मा सम्पन्न विशेष साधारण सभाको निर्णय अनुसार साविक कोहलपुर दङ्गाली होटल प्रा. लि. (दर्ता नं. २६५१६३/०७८/०७९) को नाम परिवर्तन गरि जय लक्ष्मी गेष्ट हाउस प्रा. लि. बनाउने र कम्पनीको चल अचल सम्पति ऋण, धन र दायित्व परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने निर्णय गरी नाम परिवर्तन गर्ने स्विकृति पाउँ भनि नाम परिवर्तनको अभिलेख राख्न निवेदन गरिएकोमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०७९/०६/११ गते स्वीकृती प्राप्त भई जय लक्ष्मी गेष्ट हाउस प्रा. लि. भएको व्यहोरा सम्बन्धित सबैमा जानकारी गराईन्छ ।

## निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

(प्रकाशित मिति २०७९/०८/२०

करबीर सुवेदीको नाती, डिल बहादुर सुवेदीको छोरा, चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. १२ बस्ने तेज बहादुर सुवेदी (ना.प्र.नं. १०२, जि.प्र.का. चितवनबाट मिति २०१९/१०/२३ मा जारी) ले यस बैंकको जोमसोम शाखामा तलबी बचत खाता संचालन गर्दै आउनु भएकोमा निजको मिति २०७९/०५/१२ मा निधन भएकोले यस बैंकमा रहेको तलबी बचत खाताको रकम भुक्तानी पाउँ भनि निज मृतकको श्रीमती सरस्वती न्यौपानेले मिति २०७९/०७/२३ मा निवेदन दिएको हुंदा निज खातावालाको यस बैंकमा रहेको उक्त तलबी बचत खातामा भएको रकममा अरु कसैको हकदावी भए "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" को दफा १११ (२) बमोजिम अग्राधिकारवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र आ-आफ्नो भएको सबुद प्रमाणसहित यस बैंकमा हकदावी गर्न आउनुहोला । अन्यथा निवेदकको माग दावी बमोजिम भई जाने व्यहोरा सूचित गरिन्छ ।

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, जोमसोम

सुदूरपश्चिम प्रदेश सरकार
भूमी व्यबस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
मार्तडी, बाजुरा

## कृषि कर्जाको ब्याज, बिद्युत महसुल, कृषि उत्पादन सामग्रीको भन्सार शुल्क र पशुधन विमाको प्रिमियममा थप अनुदान उपलव्ध गराउने कार्यक्रम सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति २०७९।८।२०

यस कार्यालयको आ.व. २०७९/०८० स्वीकृत कार्यक्रम अनुसार कृषि कर्जाको ब्याज, बिद्युत महसुल, कृषि उत्पादन सामग्रीको भन्सार शुल्क र पशुधन विमाको प्रिमियममा थप अनुदान उपलव्ध गराउने व्यवस्था रहेकोले बाजुरा जिल्लाभित्रका पशुपन्छी पालन व्यवसायसंग सम्बन्धित कृषक, फार्म, कम्पनी, संस्था तथा समूह/सहकारीहरुले सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रबर्धन नियमावली, २०७९ बमोजिम सम्बन्धित कार्यक्रममा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ | थप जानकारीका लागि भेटेरिनरी अस्पताल तथा पशु सेवा बिज्ञ केन्द्र मार्तडी बाजुरा तथा कार्यालयको टेलीफोन नं ०९७ - ५४१०६४, मोबाइल नं. ९८५८४८५७६४ र ९८५८४२५०२० मा सम्पर्क राख्नहुन अनुरोध छ |

## कुबेतमा रोजगार

ONE FACILITIES MANAGEMENT COMPANY WLL पुनः बिज्ञापन
पुर्व स्विकृति मितिः २०७८।०७।१७ चलानी नं. ६०१६६८२१ LT No. 249707

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | कामदारको न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब N. Rs. | ओभर टाइम सुबिधा | प्रतिदिन कामगर्ने घण्टा | हप्तामा कामगर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | General Light Labors/Cleaners | 16 | 04 | काममा दक्ष | 85 | 36253 | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ वर्ष |
| 2 | Security Guards/ Security Officers | 04 | 09 | | 125 | 53314 | | | | | | | |

| स्वदेशमा गरिने प्रि मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने म्यादी जिवन विमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा विमा हुने/नहुने र कसले व्यहोर्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्ट्याम्पिङ शुल्क कसले व्यहोर्ने | कल्याणकारी कोष सम्वन्धि व्यवस्था |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. ७००/- कामदार आफैंले | कामदार आफै | रु.१५०० कामदार आफैंले |

**अन्तरवार्ताः काठमाडौं, काठमाडौं महानगरपालिका, मुख्य कार्यालयमा २०७९ मंसिर २७ गते (13 December 2022) हुनेछ ।**

वैदेशिक रोजगार विभागवाट गराइएको जानकारीः १. आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनुहोला । बुझाएको रकमको भर्पाई अनिवार्य रूपमा लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोस् । आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनूहोला । ४. विदेश जानु अघि अभिमुखिकरण तालिम वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तवारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सो को १ प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्वन्धमा थप केही बुझ्नुपरे वैदेशिक रोजगार विभाग काठमाडौंमा सम्पर्क गर्नुहोला । लागत खर्चः १०,०००

KHRM Dream Solution Lic. No.: 593/062/63
कञ्चन ह्युमन रिसोर्स म्यानेजमेन्ट प्रा. लि.
कञ्चन हाउस, एयरपोर्ट गेट (होटेल हेमा सँगैको रातो घर), काठमाडौं ,फोनः ४५६४७०८

हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
धुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश नेपाल

## लेखापरीक्षण सम्बन्धी सूचना

**प्रथम प्रकाशित मिति :-२०७९/०८/१८ गते**

उपरोक्त विषयका सम्बन्धमा यस गाउँपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुको (आधारभूत/माध्यमिक) आ.व.२०७८/०७९ को लेखापरीक्षण गराउनु पर्ने भएकाले ईच्छुक नेपाल चार्टड एकाण्टेन्टस संस्थाबाट मान्यता प्राप्त लेखापरीक्षकहरुले तपशिलका कागजातपत्र संलग्न राखी यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस गाउँपालिकामा लाग्ने व्यवसाय कर तिरी सूचीकृत हुनको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

१. नेपाल चार्टड एकाण्टेन्टस संस्थामा दर्ता भएको प्रमाणपत्रहरुको प्रतिलिपीहरु ।
२. आ.व. २०७८/०७९ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपीहरु ।
३. गाउँपालिकामा व्यवसाय कर तिरेको रसिदको प्रतिलिपी ।
४. नेपाली नागरिकताको प्रमाणपत्रहरुको प्रतिलिपी ।

(राज बहादुर भण्डारी)
नि.प्रमुख प्रशासकीय अधिकृत

सौर्य दैनिक आर्थिक



रिलायन्स लाइफ इन्स्योरेन्स बालाजु शाखाले बीमा सचेतना र साक्षरता कार्यक्रम सम्पन्न गरेको छ । उक्त कार्यक्रममा केयू सिटी कलेजमा ११ र १२ कक्षामा अध्ययनरत विद्यार्थीको सहभागिता रहको थियो

सुनचाँदी ब्यवसायीले कच्चा पदार्थको सुलभ र प्रभावकारी आपूर्ति ब्यवस्थापन गर्न आग्रह गरेका छन् । नेपाल सुनचाँदी ब्यवसायी संघ चितवनको प्रतिनिधिमण्डलले सोमबार नेपाल सुनचाँदी ब्यवसायी महासंघमा ज्ञापनपत्र बुझाउँदै आपूर्ति ब्यवस्था प्रावकारी बनाउन र यसका लागि सरकारसँग आवश्यक समन्वय समेत गर्न आग्रह गरेका हुन्




# केवाइसी नभरे कारोबार बन्द गर्न निर्देशन



**सौर्य समाचार**

काठमाडौं । ग्राहक पहिचान (केवाइसी) नभर्ने र केवाइसीसम्बन्धी प्रावधान पालना नगर्नेसँग व्यावसायिक सम्बन्ध अन्त्य गर्न नेपाल राष्ट्र बैंकले निर्देशन जारी गरेको छ । केन्द्रीय बैंकले क, ख र ग वर्गका बैंक तथा वित्तीय संस्थालाई एकीकृत निर्देशन, २०७८ लाई संशोधन गर्दै यस्तो व्यवस्था गरेको हो । निर्देशनमा भनिएको छ, 'प्रचलित कानुन बमोजिम ग्राहक पहिचानसम्बन्धी प्रावधान पालना हुन नसक्ने व्यक्तिको हकमा खाता नखोल्ने वा व्यावसायिक सम्बन्ध स्थापना नगर्ने वा खाता खोलेको भए व्यावसायिक सम्बन्ध अन्त्य गर्नुपर्नेछ ।'

कुनै ग्राहक सम्पत्ति शुद्धीकरण वा आतंकवादी क्रियाकलापमा संलग्न रहेको शंका लागेमा त्यस्तो ग्राहकको पहिचान प्रक्रिया अगाडि बढाउँदा, शंका गर्दा ग्राहकले जानकारी पाउने देखिएमा प्रमाणबिनै वित्तीय जानकारी इकाइमा उजुरी गर्नुपर्ने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ । कुनै ग्राहक सम्पत्ति शुद्धीकरण वा आतंकवादी क्रियाकलापमा संलग्न रहेको शंका लागी त्यस्तो ग्राहकको पहिचान प्रक्रिया अगाडि बढाउँदा शंका गरेको विषय ग्राहकले आभाष हुने देखिएमा संस्थाले ग्राहक पहिचान प्रक्रिया अगाडी नबढाई शंकास्पद कारोबार प्रतिवेदन बैंक तथा वित्तीय संस्थाले यस निर्देशन अन्तर्गत तर्जुमा गरिएको नीति तथा कार्यविधिमा आतकवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा छुट्टै प्रावधान राख्नुपर्ने पनि भएको छ । यसका साथै, सम्पत्ति शुद्धीकरण निवारण ऐन, २०६४ को परिच्छेद ६ मा उल्लेखित व्यवस्था पालना हुने गरी आतकवादी क्रियाकलाप तथा आम विनाशकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी सम्बन्धमा निरन्तर अनुगमन गर्नको लागि कार्यप्रणाली अवलम्बन गर्नु पर्ने पनि एकीकृत निर्देशनमा उल्लेख छ । आम विनासकारी हातहतियारको निर्माण तथा विस्तारमा वित्तीय लगानी नियन्त्रण सम्बन्धमा छुट्टै प्रावधान राख्नुपर्ने पनि राष्ट्र बैंकले उल्लेख गरेको छ ।

राष्ट्र बैंकको निर्देशनअनुसार इजाजतपत्रप्राप्त बैंक तथा वित्तीय संस्थाको सञ्चालक समिति, कार्यकारी प्रमुख तथा कर्मचारीहरूले पालना गर्नुपर्ने आचरण सम्बन्धमा सदाचार नीति तर्जुमा गरी लागू गर्नु पर्ने भएको छ । यसअघि यस्तो व्यवस्थालाई केन्द्रीय बैंकले वाध्यात्मक बनाएको थिएन । शंकास्पद कारोवारको पहिचान, प्रतिवेदनलगायतका व्यवस्था अवलम्बन गर्दा जोखिमको मूल्याकन ग्राहक पहिचान, कारोवार र जोखिममा आधारित प्रणालीको आधारमा गर्नु पर्ने पनि उल्लेख गरिएको छ ।

शंकास्पद कारोबारलाई बैंक तथा वित्तीय संस्थाले प्रारम्भिक विश्लेषण गरी उच्चपदस्थ व्यक्तिहरु संलग्न रहेको भए एसटीआरपीइपी ,आयात तथा निर्यात व्यापारको माध्यमबाट हुन सक्ने सम्पत्ति शुद्धीकरणसँग सम्बन्धित भए एसटीआरटीबीएमएल तथा अन्य एसटीआरका सम्बन्धमा आन्तरिक कार्यविधिबमोजिम वर्गीकरण गरी शंकास्पद कारोबार प्रतिवेदन वित्तीय जानकारी इकाईमा पेश गर्नुपर्नेछ ।

एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खातामा १० लाख वा सो भन्दा बढी रकमको नगद जम्मा कारोबार वा एकै पटक वा पटक पटक गरी एक दिनमा कुनै खाताबाट गरेको १० लाख वा सो भन्दा बढी रकमको नगद खर्च कारोबार भएमा गोएएमएल सफ्टवेयरमार्फत एन्टी मनि लाउन्डरिङमा जानकारी दिनुपर्ने गरी पनि निर्देशनमा उल्लेख छ ।

कुनै ग्राहकलाई एकै पटक वा पटक पटक गरी एकदिनमा १० लाख वा सो भन्दा बढी रकम बराबर नेपालको सीमा वारपार हुने गरी गरेको विद्युतीय वा अन्य स्थानान्तरणको पनि गोएएमएलमा जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ ।

कुनै ग्राहकले एकै पटक वा पटक पटक गरी एक दिनमा ५ लाख वा सो भन्दा वढी रकमको नगदमा सटही गरिएको विदेशी मुद्रा कारोबारको पनि एन्टी मनि लाउन्डरिगमा सफ्टवेयरमार्फत जानकारी दिनुपर्ने गरी निर्देशन केन्द्रीय बैंकले जारी गरको छ ।


## DISTRICT GOVERNMENT ATTORNEY OFFICE, KHOTANG

### Invitation for Bids (IFB)

**Date of publication: 2079/08/20 (06 December, 2022)**

1. **District Government Attorney Office, Khotang** invites electronic bids from duly eligible and qualified registered bidders for the construction of below mentioned works under National Competitive Bidding – **Single Stage-single envelope bidding procedures**.

| SN | Contract Identification No. | Description of Works | Estimate Amount ( Including VAT+P.S) | Bid Security Amount (Rs.) | Bid Document Price (Rs.) |
|---|---|---|---|---|---|
| 1. | DGA/KHOTANG/WORKS/ NCB/2079/080-01 | Construction of District Government Attorney Annex Building | 48,21,430.95 | 1,30,000.00 | 3,000.00 |

2. A complete set of Bidding Documents can be downloaded from the **PPMO E-Portal-www.Bolpatra.gov.np/egp**
**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: Rastriya Banijya Bank, Diktel, Khotang
Name of Office: District Government Attorney Office, Khotang
Office Code no.: 301010801, Office Account no.: 1000100200010000, Rajaswa (revenue) Shirshak no.: 14229
3. Electronic bids must be submitted on or before 12:00 hours on 2079/09/21 and shall be electronically opened at 13:00 hours on 2079/09/21 at the office.

**कार्यालय प्रमुख**

## Invitation for Quotations

### Shivasataksi Municipality
### office of municipal executive
### province 01, Jhapa

**Date of publication: 2079/08/20 (06-Dec-2022)**

1. The Shivasatakshi Municipality invites sealed quotations for the Following procurement of goods.

| Contract ID | Description | Bid doc Fee Nrs | Bid Security Nrs |
|---|---|---|---|
| 03/SM/SQ/Goods/ 2079/080 | Supply and Delivery of Printing Materials | 1000.00 | 39,500 |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Shivasataksi Municipality, Byangdada,Jhapa Ph no 023-470323, dms.shivasatakshimun@gmail.com***
3. A complete set of Bidding Documents may be purchased from the Shivasatakshi Municipality Byangdada,Jhapa by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2079/09/05(20-Dec-2022) during ***office hours***.
4. Sealed bids must be submitted to the office Shivasatakshi Municipality by *hand or Courier* on or before 12:00 noon on 2079/09/06(21-Dec-2022). Bids received after this deadline will be rejected.
5. The bid will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 , 2079/09/06(21-Dec-2022). the office of ***Shivasataksi Municipality***. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting as mention above which shall be valid for 30 days beyond the validity period of the bid
6. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Khata a/c no. **3140010000161** on the behalf of Shivasatakshi Municipality at Mega Bank Nepal LTD ,Shivasatakshi Branch and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

or

Bidder who choose to submitt their bid security amount as Bid bond ,the bid bond should be issued from authorized and recognized commercial bank or Finincial institution eligible to issue bank gurantee as per prevailing law of Nepal. **Xerox** copy of bid bond is mandatory.

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
8. Bid should comply in all respects with the Instruction to Bidder included in the bid document no compliance with this instruction shall result in disqualification.
9. All the other condition of bidding process will be as per the public Procurement act 2063 and Public procurement regulation 2064.
10. Shivasatakshi Municipality reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative officer**

## Malaysia मा रोजगार

**1. Seasons Frozen Food Supply Sdn. Bhd.**

पुनः विज्ञापन । पूर्व स्वीकृती मिति: 2022/08/14 चलानी नं. 60185344 LT No. : 269441

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker | 35 | साधारण | 1500 | ४४,४२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

**2. Ql Figo (Johor) Sdn. Bhd.** पुनः विज्ञापन । पूर्व स्वीकृती मिति: 2022/07/02 चलानी नं. 60182301 LT No. : 266247

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing Sec.) | 16 | साधारण | 1500 | ४४,४२९।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/प्रिमियम रोजगारदाता कम्पनीले तिर्ने | रोजगारदाता कम्पनीले दिने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रु. १,५००।- कामदार आफैले | रु. ७००।- कामदार आफैले | निःशुल्क |

**अन्तरवार्ता २०७९ मंसिर २७ गते (23 Dec, 2022) यस प्रा.लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ३) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ४) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ५) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ६) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबाजेश्वरमा सम्पर्क राख्नुहोला ।

**D.N. Manpower Pvt. Ltd.**
Licence No. 1184 /073 /074
Tokha - 05, Basundhara, Kathmandu, Tel:- 01 - 4964311, 4986411
Email : dnmanpower1@gmail.com

## पुरानो सामानको बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

यस बैंकले आफ्नो पेप्सीकोला शाखाको पुरानो भवनमा रहेको सामानहरू गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा उक्त सामान के कति मूल्यमा खरिद गरि लिने हो सो खुलाई ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट देहाय अनुसारको शर्त तथा बन्देजहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस बैंकको केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौंमा आईपुग्ने गरी बोलपत्र पेश गर्नुहुन जानकारी गराईन्छ ।

**शर्त बन्देजहरु :**

१. बोलपत्र फारम एक प्रतिको रु. १,०००/- यस बैंकको Tender Fee खाता नम्बर ०९९९५२४६७०५४१५४६ (फिर्ता नहुने गरी) मा जम्मा गरी बैंकको केन्द्रिय कार्यालय, लाजिम्पाट, काठमाण्डौं वा सम्बन्धित शाखा स्थित प्रशासन विभागमा उपलब्ध छ । बोलपत्र फारममा आवश्यक विवरण खुलाई खामबन्दी गरी खाम बाहिर **"पुरानो सामानको खरिद सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र"** उल्लेख भएको हुनु पर्नेछ ।
२. इच्छुक खरिदकर्ताले खरिद गर्न चाहेको पुरानो सामान जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरिद गरी लैजानु पर्नेछ । उक्त पुरानो सामानको स्थलगत निरिक्षण गर्न चाहनु हुने महानुभावहरुले यस बैंकको लाजिम्पाट काठमाण्डौंको प्रशासन विभाग वा सम्बन्धित पेप्सीकोला शाखा कार्यालयमा सम्पर्क गर्नु पर्नेछ ।
३. कारण खुलाई वा नखुलाई प्राप्त कुनै वा सबै बोलपत्र रद्ध गर्ने वा स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ ।
४. बोलपत्र सम्बन्धि अन्य व्यवस्था बैंकले उपलब्ध गराएको बोलपत्र फारममा उल्लेख भए अनुसार हुनेछ ।

**बिस्तृत जानकारीको लागि**
**माछापुच्छ्रे बैंक लिमिटेड, प्रशासन विभाग, लाजिम्पाट, काठमाण्डौं**
**फोन नं. ०१-४४२८५५६**

माछापुच्छ्रे बैंक
सबल, उत्कृष्ट एवं विस्तारित
केन्द्रीय कार्यालय लाजिम्पाट

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ म.क्षे.हु.नि.द.नं. १६/०७३/७४

# सौर्य खेलकुद



हेम्स, इनोभेटिभ र काठमाडौं जेभियर्स ११ औं प्याब्सन मध्य क्षेत्रीय बास्केटबल प्रतियोगितामा च्याम्पियन बनेका छन् । हेम्सले सिनियर ब्वाइज, इनोभेटिभले सिनियर गर्ल्स र काठमाडौं जेभियर्सले जुनियर ब्वाइजको उपाधि जितेका हुन्



बेस्ट ग्रुप भिजन एकेडेमी र लोयल्टी एकेडेमी पाँचौं नेक्सस-संकटा कप छात्र फुटबल प्रतियोगितामा सेमिफाइनलमा प्रवेश गरेका छन् । बेस्ट ग्रुपले श्री सञ्जय साइ मन्दिरलाई २-१ गोलले र लोयल्टीले अर्किडलाई ७-० गोलले हराएको हो

### यू-१९ राष्ट्रिय क्रिकेट

## यू-१९ क्रिकेटमा सुदूरपश्चिम च्याम्पियन



**सौर्य समाचार**

काठमाडौं । सुदूरपश्चिम प्रदेशले वाईवाई यू१९ राष्ट्रिय प्रतियोगिता फाइनलमा साविक विजेता लुम्बिनी प्रदेशलाई ६ विकेटले हराउँदै उपाधि जितेको छ ।
जितको लागि ९३ रनको विजयी लक्ष्य पछ्याएको सुदूरले २१ ओभरमा ४ विकेट गुमाउँदै पूरा गर्यो । सुदूरका गजेन्द्र बोहरा १९ बलमा ६ चौका र २ छक्कासहित ३९ रनमा अविजित रहे । ओपनर दीपक बोहरा दोस्रो बलमै निर्मल गुरुङको बलमा शून्यमा बोल्ड भए ।

अर्का ओपनर दीपक बोहरा ३६ बलमा २ चौका र २ छक्कासहित २५ रनमा आउट भए । कप्तान अनुराग सिंह ३९ बलमा ४ चौकासहित २२ र मिलन बोहरा ६ रनमा आउट भए ।

गजेन्द्र बोहराले काउकर्नरमा अभिषेक गौतमलाई विजयी छक्का हानेका थिए । लुम्बिनी प्रदेशका रमेश कुमीले दुई, अभिषेक गौतम र निर्मल गुरुङले एक एक विकेट लिए । त्यसअघि टियु क्रिकेट मैदानमा टस जितेर पहिला ब्याटिङ थालेको लुम्बिनी २९.१ ओभरमा ९२ रनमा अल आउट भएको थियो । लुम्बिनीका आकाश त्रिपाठीले ६९ बलमा २ चौकासहित सर्वाधिक ३८ रनमा आउट भए । अन्य कुनैपनि ब्याटरले राम्रो प्रदर्शन गर्न सकेनन् । लज्जास्पद ब्याटिङ गर्नेक्रममा लुम्बिनीका ९ खेलाडीले दोहोरो अंकमा रन बनाउन सकेनन् । जसमध्य चार खेलाडीले खाता खोल्न सकेनन् ।

टियु एन्डबाट आएका मिलन बोहराले पाँच विकेट लिँदै सस्तैमा रोकेका हुन् । तीव्र गतिका बलर हेमन्त धामीले ओपनर देव खनाललाई सातौं ओभरको पाँचौं बलमा ७ रनमा एलबीडब्लू आउट भए । पहिलो विकेट जादा लुम्बिनीले २७ रन बनाएको थियो । त्यसपछि लुम्बिनीले लगातार विकेट गुमायो ।

हेमन्तले प्रज्ज्वल थापालाई ५ रनमा बोल्ड भए । अकाश चन्दले मनोज मगरलाई एक रनमा बोल्ड गरे । त्यसपछि मिलन बोहराले दयनीय अवस्थामा पुर्याए । मिलनले विशाल विक्रम केसीलाई ७ रनमा बोल्ड गरे । मिलनले अभिषेक गौतमलाई शून्यमा बोल्ड गर्दै पाँच विकेट पूरा गरेका थिए । जारी प्रतियोगितामा मिलनको यो दोस्रो पाँच विकेट हो ।

यसअघि गण्डकीविरुद्ध उनले ६ विकेट लिएका थिए । सुदूरका मिलन बोहराले ९ ओभरमा २ मेडनसहित १५ रन खर्चेर ५ विकेट लिए । नरेन साउदले ५. १ ओभरमा १४ रन खर्चेर २ विकेट लिए । हेमन्त धामीले दुई र आकाश चन्दले एक विकेट लिए ।

विजेता सुदूरले दुई लाख र उपविजेता लुम्बिनीले एक लाख रुपैयाँ प्राप्त गर्नेछन् । गतवर्ष फाइनलमा लुम्बिनीले सुदूरलाई हराउँदै उपाधि जितेको थियो । सुदूर यस प्रतियोगितामा अपराजित रहँदै फाइनल खेलेको थियो । लुम्बिनी ६ खेलमा ५ मा जित र १ मा हारसहित दोस्रो स्थानमा रहँदै फाइनल खेलेको थियो ।

### कतार विश्वकप फुटबल २०२२

## इंग्ल्यान्ड सहज जितसँगै क्वाटरफाइनलमा

**एजेन्सी**

दोहा । फिफा विश्वकप कतार २०२२ अन्तर्गत अन्तिम १६ को चौथो खेलमा सेनेगललाई हराउँदै इंग्ल्यान्ड क्वाटरफाइनलमा प्रवेश गरेको छ । अल बेयत रंगशालामा आइतबार सेनेगललाई ३-० ले पराजित गर्दै इंग्ल्यान्ड अन्तिम ८ मा स्थान बनाउन सफल रह्यो । पहिलो हाफमा दुई गोल गरेको इंग्ल्यान्डले दोस्रो हाफमा एक गोल थपेको थियो । इंग्ल्यान्डका लागि जोर्डन हेन्डरसन, ह्यारी केन र बुकायो साकाले गोल गरे ।

खेलको ३८ औं मिनेटमा इंग्ल्यान्डले हेन्डरसनको गोलमा अग्रता लियो । जुड बेलिंघमले बायाँ विंगबाट दिएको लो पासलाई उनले पेनाल्टी क्षेत्र भित्रबाट पहिलो टचमै गोल गरेका थिए । पहिलो हाफको अन्तिम मुभमा इंग्ल्यान्डले अग्रता दोब्बर पार्यो ।

कप्तान केनले प्रतियोगिताको पहिलो गोल गर्ने क्रममा उत्कृष्ट फिनिस गरे । काउन्टर अट्याकमा फोडेनले दिएको बल अघि बढाउँदै केनले पेनाल्टी क्षेत्र भित्रबाट शक्तिशाली प्रहार गर्दै



जारी विश्वकपमा गोलको खाता खोले । दोस्रो हाफको ५७ औं मिनेटमा इंग्ल्यान्डले अर्को गोल थप्यो । यसपटक फोडेनको पासमा बुकायो साकाले गोल गरे । पेनाल्टी क्षेत्रभित्र डिफेन्डर बिट गरेर अघि बढेका उनले फोडेनको पासलाई पहिलो टचमै गोलमा परिणत गरे । इंग्ल्यान्डले अब क्वाटरफाइनलमा फ्रान्सको सामना गर्नेछ । हिजो भएको पहिलो खेलमा फ्रान्सले पोल्यान्डलाई ३-१ ले पराजित गरेको थियो ।

**मंगलबारको खेल**

| | |
|---|---|
| मोरोक्को<br>स्पेन | राती<br>८:४५ |
| पोर्चुगल<br>स्वीट्जरल्याण्ड | राती<br>१२:४५ |

## आइटीफ टेनिसको दोश्रो सर्किट सुरु

**सौर्य समाचार**

पोखरा । नेपाल टेनिस संघको सहयोग तथा कास्की जिल्ला टेनिस संघको आयोजनामा पोखरामा आइटीएफ जे-५ सर्किट-२ टेनिस प्रतियोगिता सुरु भएको छ ।

प्रतियोगिताको पहिलो दिन पुरुष तथा महिलातर्फ एकलका विभिन्न प्रतिस्पर्धाहरु भएको छ । सोमबार अमेरिकन खेलाडी हानु पटेलले विजयी शुरुवात गरे । उनले भारतका निकिल दोसुजालाई ६-०, ६-० को सोभ्रो सेटमा पराजित गर्दै दोश्रो चरणको बाटो खोले ।

अर्को खेलमा नेपालका आर्यन गिरीले भारतका धिरज रेड्डीलाई ७-६, ६-४ ले पराजित गरे ।

पुरुष एकलतर्फका अन्य खेलहरुमा भारतका पवन गणेशले नेपालका प्रणव मानन्धरलाई ६-२, ६-४ ले पराजित गरे । भारतका श्रीनिखेत कन्दनले रसियाका फेडोर सोसेस्डिकनलाई ६-२, ६-२ ले, भारतका भत्साल मणिकन्तनले भारतकै स्मित निलेशभाई पटेललाई ३-६, ६-२ र ६-३ ले, कोरियाका जिवन पार्कले भारतका देवर्शी सेनलाई ६-४, ६-० ले, मलेशियाका केजन केथ जोनाथनले भारतका विभु चलागुण्डलालाई ६-३, ६-३ ले, भारतका धनुष वर्माले नेपालका सृजन भट्टराईलाई ६-०, ६-० ले, ताइपेइका कि हाउ हाङले भारतका मायंक सर्मालाई ६-४, ६-२ ले पराजित गरे ।

महिला एकलतर्फको खेलमा भारतका दिशा बेहेराले नेपालका शर्मानी श्रेष्ठलाई, रसियाकी लैला आक्मेतोवाले भारतकी दिविजा मन्नेनीलाई, भारतकी गंगना मोहनले नेपालकी सुनिरा थापालाई, भारतकी कायरा सिद्धार्थ चेत्नानीले नेपालकी प्रकृती श्रेष्ठलाई, नेपालकी प्रशंसा मोत्तानले भारतकी सारान्या रामासुब्रामनियनलाई, भारतकी जानवी आस्वाले अमेरिकाकी समिक्षा अन्यमलाई पराजित गरिन् ।

महिला एकलतर्फनै नेपालकी रायना शाहले भारतकी श्रीटिका रेड्डीलाई, नेपालकी आयसा डोल्कर गुरुङ्गले भारतकी सौरभी श्रीनिवासलाई, श्रीलंकाकी विस्मी वन्थ्राले भारतकी प्रिन्सी मन्दगलालाई, भारतकी रिदयासी पाइले नेपालकी आध्या पौडेललाई, भारतकी आर्जन खोराकिवालाले नेपालकी श्रीया भट्टराईलाई, भारतकी ईशी महेश्वरीले कोरियाकी सियोइङ जाङलाई पराजित गर्दै दोश्रो चरणमा प्रवेश गरे । एक साता सम्म सञ्चालन हुने प्रतियोगितामा विभिन्न १० राष्ट्रका ९९ खेलाडीले सहभागिता जनाएको आयोजक संघ कास्कीका अध्यक्ष लोक गुरुङले जानकारी दिएका छन् ।

## डीआरएस पनि पब्जी च्याम्पियनसिपको फाइनल चरणमा

**सौर्य समाचार**

काठमाडौं । नेपाली टोली डीआरएस गेमिङ जारी पब्जी मोबाइल विश्व च्याम्पियनसिपको फाइनल चरणमा पुगेको छ । समूह चरणमा उत्कृष्ट प्रदर्शन गरी नेपालको अर्को टिम ट्रेण्ड टु किल (टीटूके) यसअघि नै फाइनलमा पुगिसकेको छ ।

मलेसियामा भएको प्रतियोगितामा डीआरएस समूह चरणबाट सिधा छनोट हुन असफल भएको थियो । पब्जी मोबाइल विश्व च्याम्पियनसिपमा विश्वभरबाट छानिएका ४८ टोलीले समूह चरणमा प्रतिस्पर्धा गरेका थिए । १६ टिम रहेको समूहमा शीर्ष तीन स्थानमा रहने टोलीले सिधै फाइनल चरणमा प्रवेश पाउँछ । टीटूके यसरी फाइनल चरणमा पुगेको हो ।

अर्को समूहमा रहेको डीआरएस भने समूह चरणमा पाँचौं भएपछि सिधा छनोट हुन सकेन । सिधा छनोट हुन चुकेका समूहमा चौथोदेखि ११औं स्थानमा रहेका टिमबीच सर्भाइभल चरण र त्यसपछि लास्ट चान्स हुँदै पाँच टिमले फाइनल चरणमा स्थान बनाएको हो ।



सर्भाइभल चरणबाट १६ टिम लास्ट चान्सका लागि छनोट हुँदा डीआरएस ११४ अंकसहित सातौं भएको थियो । पब्जी मोबाइल विश्व च्याम्पियनसिप खेलिरहेको नेपालको तेस्रो टिम स्काइ लाइड्जले भने सर्भाइभल चरण पार गर्न सकेन ।

१६ टिम सहभागी लास्ट चान्स चरणमा पाँच टिम फाइनल चरणमा पुग्दा डीआरएस १११ अंकसहित चौथो भएको हो । योसँगै विश्व च्याम्पियनसिपको फाइनल चरणको समीकरण पूरा भएको छ । यो चरणमा १६ टिम हुनेछन् । समूह चरणबाट सिधा आएका ९ टिम (तीन समूहका ३/३ टिम), सर्भाइभलहुँदै लास्ट चान्सबाट आएका ५ टिम र आयोजकले सिधा आमन्त्रण गरेका २ टिमले फाइनल चरण खेल्नेछन् । अहिलेसम्म मलेसियाको क्वालालम्पुरमा आयोजित विश्व च्याम्पियनसिपको फाइनल चरणका खेलहरु सन् २०२३ को जनवरी ६ देखि ८ सम्म इण्डोनेसियाको जाकार्तामा सञ्चालन हुनेछ ।

समूह चरणमा पाँचौं भएको डीआरएसले २१ हजार अमेरिकी डलर पुरस्कार पाएको थियो । सर्भाइभल चरणमा सातौं हुँदा २० हजार डलर र लास्ट चान्समा चौथो भएपछि २२ हजार डलर पुरस्कार पाएको छ । फाइनल चरणको कुल पुरस्कार राशी १ लाख ५० हजार अमेरिकी डलर हुनेछ ।

### विश्व

## दिल्लीमा वायु प्रदूषण 'गम्भीर' तहमा

**एजेन्सी**

नयाँ दिल्ली । नयाँ दिल्लीमा वायु प्रदुषणको मात्रा पछिल्ला केही दिनमा बढ्दै गएको देखिएको छ । यहाँ आइतबार गरिएको मापनमा वायु प्रदुषणको मात्रा 'गम्भीर' तहमा पुगेको बताइएको हो । यहाँको प्रदुषण गम्भीर तहमा पुगेको पाइएपछि कतिपय निर्माणका कार्य, जलाउने या ध्वंस गर्ने कार्य तथा सडकमा भ्याकुम क्लिनरले सफा गर्ने काममा प्रतिबन्ध लगाइएको बताइएको छ ।

यहाँको वायु गुणस्तर व्यवस्थापन आयोग, सिएक्युएमले आइतबार प्रकाशन गरेको एक प्रेस विज्ञप्तिमा सो कुराको जानकारी दिइएको हो । उक्त विज्ञप्तिमा वायु प्रदुषणको मात्रा पछिल्ला दिनमा बढ्दै गएको र आइतबार यो मात्रा गम्भीर तहमा पुगेकाले सतर्कता अपनाउन आग्रह पनि गरिएको छ ।

सो प्रतिवेदनमा नयाँ दिल्लीमा वायु प्रदुषणको मात्रा गम्भीर तहमा पुगेकाले यसलाई कम गर्नका लागि आवश्यक सबै प्रकारका उपायहरु अपनाउन सरकारसँग आग्रह पनि गरिएको छ । सो आयोगको आइतबार अपराह्न ४ बजेको रिपोर्टमा वायु प्रदुषणको मात्रा (एक्युआई) गम्भीर तह अर्थात् चार सय सातमा पुगेको देखाइएको छ । यो एक्युआई तह दुई सय एक देखि तीन



सयसम्म कमजोर अर्थात् खराब, तीन सय एकदेखि चार सयसम्म भन् खराब र चार सय एकदेखि माथि पाँच सयसम्मलाई गम्भीर तह अर्थात घातक मानिएको छ ।

नयाँ दिल्लीमा प्रायः जाडो समय (नोभेम्बरदेखि फेब्रुअरी) सम्म वायु प्रदुषणको मात्रा बढ्ने गरेको पाइन्छ । यसवर्ष अहिले नै यहाँको प्रदुषणको मात्रा गम्भीर तहमा पुगेकाले यस मौसममा वायु प्रदुषणको मात्रा निकै नै बढ्ने संकेत देखिएको हो ।

## बिहेअघि वा विवाहहेत्तर सम्बन्ध राखे एक वर्ष कैद !

**एजेन्सी**

जकार्ता । इन्डोनेसियाको संसद्ले यसै महिना वैवाहिक सम्बन्ध बाहिर यौनसम्पर्क राख्नेलाई अधिकतम एक वर्ष लामो कारावास सजाय दिने नयाँ कानुन पारित गर्ने अपेक्षा गरिएको छ ।

यस कानुन मस्यौदा निर्माणमा संलग्न राजनीतिज्ञ बामबाँग बुऱ्यान्तोले यो कानुन चाँडोमा आगामी साताको सुरु सम्ममा पारित भइसक्ने बताएका छन् । पारित भएको खण्डमा यो कानुन इन्डोनेसियाली नागरिक र विदेशीहरु दुवैलाई लागु हुने छ । यदि सम्बन्धित सरोकारवालाहरुले सरकारी निकायमा उजुरी दिएको खण्डमा मात्र व्यभिचारविरुद्धको कानुनी प्रक्रिया अघि बढाइने बताइएको छ । विवाहितहरुका हकमा अपराधीलाई सजाय दिलाउन पीडकका पति वा पत्नीले उजुरी दिनुपर्ने बीबीसीले लेखेको



छ । यस कानुनले अविवाहित व्यक्तिहरुका परिवारलाई पनि तिनीहरुले अवैध ढंगले यौन सम्पर्क राख्ने गरेको भन्दै उजुरी दिन सक्ने व्यवस्था गर्ने भएको छ । त्यसैगरी विवाह नगरीकन महिला तथा पुरुषले सँगै जीवन बिताउने कामलाई पनि वर्जित गरिने भएको छ । कसैले यस्तो गरेको खण्डमा जनही ६ महिना कारावास सजाय हुने छ । अन्तर ष्ट्रिय समाचार निकाय रोयटर्सका अनुसार स्थानीय व्यापारिक समूहहरुले बिदा मनाउने र लगानी गर्ने आकर्षक गन्तव्यको रुपमा चिनिने इन्डोनेसियाको छविमा यस नियमले आँच पुऱ्याउन सक्ने बताएका छन् ।

सन् २०१९ मा पनि यस्तै कानुन पारित गराइन खोज्दा मुलुकभर हजारौं मानिसले विरोध प्रदर्शन गरेका थिए । राजधानी जकार्तालगायत प्रमुख सहरहरुमा भएका त्यस्ता प्रदर्शनमा विद्यार्थीहरुको व्यापक सहभागिता रहेको थियो ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.बनं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्स्प्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी